जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १५५ • २०८१ साल कार्तिक ११ गते आइतबार (27 October, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## संकट गहिरिएपछि ब्यूँतिएको सत्ता गठबन्धन

# तीन तिर फर्केका तीन दल खुट्टा तानातानमा



**टुडे समाचारदाता**

वीरगञ्ज । संघीय सत्ता संकट गहिरिएपछि ब्यूँताइएको सत्ता गठबन्धनको साथमा देखिएका तीन दल भने तीन तिर फकेका छन् ।

सत्तागठबन्धनको पक्षमा उभिएको जनता समाजवादी पार्टी (जसपा)नेपाल, जनता समाजवादी पार्टी(जसपा) र जनमत पार्टी तीनतिर फर्केका छन् । मधेश प्रदेश सरकारमा रहेको जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले सत्ता जोगाउन आफ्नो अडान छाडेका छन् । जसपा नेपालले मधेश प्रदेशको सरकार हात पार्न र अशोक राईको प्रभाव कम गर्न सत्ताधारी दलको साथमा उभिएको छ । अशोक राई नेतृत्वको जसपा सत्ताकै चाहना अनुरुप बनेकाले साथमा रहनु अस्वभाविक होइन ।

सहकारीको करोडौं रकम अपचलनमा सरकारले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई पक्राउ गर्ने तयारी गरेपछि चर्को आलोचना गरेका जनमतका अध्यक्ष राउत भने अहिले संघीय सत्तागठबन्धनको साथमा उभिएका छन् ।

नेकपा माओवादी लगायतका विपक्षी दलहरुले संयुक्त रुपमा सरकारविरुद्ध आन्दोलन चर्काउने तयारी गर्दा राउतको साथ पाउने अपेक्षा गरेका थिए । तर अन्तिम समयमा राउतले सरकारको साथमा देखिएको छ । एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारलाई साथ नदिए मधेश प्रदेश सरकारको नेतृत्व खोसिने धम्की दिए लगतै राउतले आफनो बोली विपरीत सरकारको पक्षमा खडा हुन पुगेका छन् ।

जसपा नेपाललाई भने विभाजित भएर गठन भएको जसपाको प्रकोपबाट जोगिन र मधेश प्रदेश सरकारमा पुनःस्थापित हुन सरकारलाई साथ दिनुको विकल्प देखेको छैन । विपक्षी दलहरुको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री पद जोगाउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई ठूलो घात गरेका थिए ।

जसपा नेपाललाई विभाजन गराएका प्रधानमन्त्री ओलीले अध्यादेश ल्याएर त्यसलाई वैधानिक बनाउन सक्ने जोखिमलाई न्यून गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको विश्वास आर्जन गर्न यादव सत्ता गठबन्धनको पक्षमा उभिएका छन् । देउवाले राउतलाई विश्वास गरेका छैनन् ।

एमाले बाहिरका दलहरु मध्ये अशोक राई नेतृत्वको जसपा ओलीको सर्वाधिक विश्वसनीय पार्टी हो । तर देउवाको कारण दल विभाजन सम्बन्धी अध्यादेश रोकिएपछि यादव पनि सरकारको पक्षमा उभिएका छन् ।

यादव, राउत र राईको पार्टी मधेश केन्द्रित नै छ । तर तीनै दल तीन तिर फर्केको छ । संघीय र प्रदेश सरकारमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)नेपालका अध्यक्ष महन्थ ठाकुर विपक्षी दलहरुको बैठकमा पुगे पनि सत्ता गठबन्धन बाहिर जान सकेको छैन ।

लामिछानेलाई पक्राउ गरेपछि विपक्षीहरुको कडा आक्रमणमा परेको सरकारले सत्ता गठबन्धनको बैठकमा कहिल्यै नबोलाएको जसपा नेपाललाई समेत सम्झेको छ । तिहार अगावै मधेश प्रदेश सरकारबाट जनमत पार्टीलाई हटाउने सहमति गरिसके पनि विपक्षीहरुको खेमामा जानबाट रोक्न त्यो सहमतिको कार्यान्वयनलाई तत्काल स्थगन गरेको छ ।

राई नेतृत्वको जसपाकी सहअध्यक्ष रेणु यादव र जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले सत्तागठबन्धनको बैठकपछि नेताहरुको समूहगत फोटो सार्वजनिक गरेको २४ घण्टा नवित्दै जसपाका उपमहासचिव समेत रहेका खानेपानी मन्त्री प्रदीप यादवले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सत्ता लोलुप्ताका कारण पटक-पटक मधेशलाई धोका दिएको आरोप लगाएका छन् । उपेन्द्र यादवको पार्टीलाई विभाजन गरेर जनता समाजवादी पार्टी गठन गरी जनताको जीवनस्तरमा सुधार ल्याउन काम गर्नुपर्ने उनले बताए ।

जसपाले वीरगञ्जमा आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले आफ्नो पार्टी विकल्प बनेर अघि आएको बताए । मन्त्री यादवले भने, 'सत्ता लोलुप्ताका कारण जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पटक-पटक मधेशका जनतासंग धोका गरेको सर्वविदितै छ । हामी त्यस्तो छैनौं, हामी केवल राजनीति गर्न होइन, जनताको जीवनस्तर सुधार्न र स्थायी परिवर्तन ल्याउनका निमित्त आएका छौं,' मन्त्री यादवले भने ।

उपेन्द्र नेतृत्वको जसपा नेपालमा निराशा छाएको पनि मन्त्री यादवको दाबी रहेको छ । सो पार्टीका कार्यकर्ताहरूले विकल्पको खोजी गरिरहेको उनले बताए । मन्त्री यादवले संगठन विस्तारमा लाग्नुपर्ने र सुदृढ पार्टी गठन गर्नुपर्ने बताए ।

जसपा नेपाल परित्याग गरी जिल्लास्तरका नेता/कार्यकर्ता जसपामा प्रवेश गरेका थिए । मन्त्री यादवको उपस्थितिमा भएको पार्टी प्रवेश कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साह तेलीलगायत जनप्रतिनिधि पनि उपस्थिति रहेका थिए ।





डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

शहीदनगर नगरपालिका
यदुकुहा, धनुषा, मधेश प्रदेश



## अत्यन्त जरूरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग – ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



GOLCHHA GROUP 100 YEARS OF TRUST
BAJAJ LOVED IN 70 COUNTRIES

BAJAJ साटा-साट
ALL NEPAL EXCHANGE MELA
यही २०८१ कार्तिक ८ गते देखि




उत्कृष्ट VALUATION को लागि
CALL 9801575555
नेपालको सर्वाधिक बिक्री हुने बजाज बाईकको UPGRADE मा पाउनुहोस्:
UNBEATABLE VALUATION*
ON THE SPOT FINANCE AVAILABLE*
FREE ACCESSORIES*

Ram Janaki Auto, Bardibas, 9807667666/9807874919 | Ram Janaki Auto, Mahendranagar, 9816898070
Ram Janaki Auto, Gaushala, 9808366400 | Om Automobiles, Janakpur, 9801669170/9801668038
Om Auto Center, Jaleshwor, 9801365513/ 9801600000 | Shree R.K Enterprises, Yedukuwa, 9819890888/9819815435
Maa Durga Automobiles, Dhanusadham, 9807695558/9801605201

BAJAJ CASH SAFARI
हात हातमा हाती Luck मा लखपति

# तरकारी तथा फलफूल व्यवसायीद्वारा अनुगमनमा असहयोग गरेकोप्रति क्षमायाचना



काठमाण्डु । गत असोज २० गते कालीमाटी तरकारी र कुलेश्वर फलफूल बजार अनुगमन गर्न गएको टोलीलाई असहयोग गर्दै नाराबाजी गरेका व्यापारीहरूले आफूहरूबाट गल्ती भएको स्वीकार्दै माफी मागेका छन् ।

नेपाल फलफूल थोक व्यवसायी सङ्घले शनिबार एक प्रेस विज्ञप्ति जारी गरी आफूहरूबाट अनजानमा असहयोग भएको र आगामी दिनमा गल्ती नदोहोरिने प्रतिबद्धतासहित माफी मागेको हो ।

सङ्घका अध्यक्ष अम्मर बानियाँले सो दिन अनुगमनमा गएको टोलीलाई व्यापारीहरूले अन्जानमा असहयोग र नाराबाजी गरेकाले क्षमायाचना गरिएको बताउनुभयो । "गत असोज २० गते नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमेत उपस्थित रहनुभएको सरकारी बजार अनुगमन टोलीलाई व्यापारीहरूले असहयोग गर्दै नाराबाजी गरेको घटनाप्रति हामी व्यापारीहरूको तर्फबाट क्षमायाचना गर्दछौँ", विज्ञप्तिमा भनिएको छ, "आगामी दिनमा हामीबाट यस्ता अवाञ्छित गतिविधिहरू नदोहोरिने प्रतिबद्धता गर्दै व्यापार व्यवसाय सञ्चालनका क्रममा नेपालको प्रचलित कानुनअनुसार सबै मापदण्डहरू पूरा गर्ने र विगतमा भएका कमजोरी पूर्ण रूपले सुधार गर्ने विश्वास दिलाउन चाहन्छौँ ।"

त्यस दिन कालीमाटी तरकारी र कुलेश्वर फलफूल बजारमा अनुगमन गर्दा अधिकांश व्यापारीहरूले बिल बिजकविना नै कारोबार गरिरहेको, मूल्यसूची नराखेको, अस्वभाविक मूल्यमा सामग्री बिक्री वितरण गरेको तथा कालीमाटीस्थित माछा पसलहरूमा सरसफाइ नगरेको पाइएको थियो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमेत छड्के अनुगमनमा गई त्यहाँका दुई पसललाई कारबाही गर्न निर्देशन दिएर फर्किएपछि व्यापारीहरूले अनुगमन टोलीलाई दुर्व्यवहार गरेको मन्त्री भण्डारीको सचिवालयले जनाएको छ ।

मन्त्रालयमा शनिबार भएको छलफलमा व्यवसायीहरूले सरकारका काममा सम्पूर्ण सहयोग गर्ने र मन्त्रालयको तर्फबाट व्यापारीहरूका उचित समस्याको सम्बोधन गरिने समझदारीसमेत भएको छ । मन्त्री भण्डारीले सरकारको नियमानुसार व्यापार व्यवसाय गर्न सबैलाई आग्रह गर्नुभयो ।रासस

# उद्योग वाणिज्य संघ सुखीपुरको अध्यक्षमा यादव नेतृत्वको प्यानल निर्वाचित

गोलबजार । उद्योग वाणिज्य सङ्घ सिरहा सुखीपुर शाखाको ५औँ कार्यकालका लागि भएको चुनावमा अध्यक्षमा सूर्यनारायण यादव नेतृत्वको प्यानल नै निर्वाचित भएको छ ।

अध्यक्षमा निर्वाचित यादवले छ सय ६४ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी विजयप्रसाद गुप्ताले चार सय ९१ मत पाउनुभयो ।

यादव प्यानलबाट प्रथम उपाध्यक्षमा राकेश पूर्वेले छ सय ७३, द्वितीय उपाध्यक्ष रामेशकुमार महतोले पाँच सय ५६, महासचिवमा दिनेशकुमार यादवले छ सय १०, सचिवमा सञ्जयकुमार यादवले छ सय ३५ र कोषाध्यक्षमा रोशन कमारले छ सय ७८ मत प्राप्त गरेर विजयी भएका प्रमुख निर्वाचन अधिकृत उद्धव हमालले जानकारी दिनुभयो ।

गुप्ता प्यानलबाट प्रथम उपाध्यक्षमा राधेश्याम महतोले चार सय ७४, द्वितीय उपाध्यक्षमा ओमप्रकाश महतोले चार सय ८६, महासचिवमा कामेश्वर चौधरी सुडीले पाँच सय ३२, सचिवमा रतनेश चौधरीले पाँच सय ६ र कोषाध्यक्षमा वीरेन्द्र भण्डारीले पाँच सय ५८ मत प्राप्त गर्नुभयो ।

यस्तै सदस्यहरूमा काशिन्द्र यादव, राजदेव साह, पशुपति साह विजयी हुनुभएको छ । एक हजार तीन सय २५ मतदाता स॰्या रहेकोमा शुक्रबार नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा एक हजार १६७ मत खसेका थिए भने आठ मत बदर भएका थिए । रासस

# रचनात्मक रुपमा दबाद दिनका लागि साइकल यात्रा

टुडे समाचारदाता



राजविराज । रचनात्मक रुपमा दबाब दिनका लागि आन्दोलन स्वरुप नागरिक समाज नेपालको अगुवाइमा कार्तिक १६ गतेदेखिराजविराजबाटमधेशप्रदेशको राजधानी जनकपुरधामसम्मको साइकल यात्रा गरिने भएको छ ।

राजविराजमा शनिवार समाजका संयोजक प्रा. कुमार कमलेन्द्रमूले पत्रकार सम्मेलनको आयोजना गरी लोकतन्त्रलाई अर्थपूर्णरुपमा कार्यान्वयनका लागि आन्दोलनको घोषणा गर्दै साइकल यात्रा गरिने बताए ।

सो पत्रकार सम्मेलनमा नागरिक अगुवा प्रा. विष्णु नारायण यादव तथा बलराम यादव समेत सहभागी थिए । राजविराजको गजेन्द्र चोकबाट ५ दर्जनभन्दा बढी नागरिक अगुवाको सहभागितामा हुलाकी सडक हुँदै निस्किने साइकल यात्राको मानव अधिकारकर्मी कृष्ण पहाडीले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ । दलीय भागबण्डा राजनीतिको अपराधिकरण र व्यापारिकरण, संरक्षित भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर बनाएकाले सचेत नागरिकका तर्फबाट दबाब र आन्दोलन सृजनात्मक सन्देश बाँड्दै साइकल यात्रा जनकपुरधामतर्फ प्रस्थान गर्न लागेको समाजका संयोजक कुमार कमलेन्द्रमूले बताए । नागरिक अगुवा बलराम यादवले मुलुकको समाजिक, आर्थिक रुपान्तरणका लागि साइकल यात्रा निस्किन लागेको बताए ।

अर्का नागरिक अगुवा प्रा. विष्णु नारायण यादवले सचेत नागरिकको हैसियतले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा लोकतन्त्र मैत्री दबाव आन्दोलन स्वरुप साइकल ऱ्याली निस्किन थालेको र जनकपुर पुगेर एक भव्य कार्यक्रम पश्चात समापन हुने बताए ।

# खोज र अध्ययनले समृद्ध न्यायिक इतिहास निर्माण गर्न सकिन्छ : प्रधानन्यायाधीश

काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायिक क्षेत्रको खोज र अध्ययन गर्न सकियो भने समृद्ध न्यायिक इतिहास निर्माण गर्न सकिने बताउनुभएको छ ।

सर्वोच्च अदालतको सम्पादन तथा प्रकाशन शाखाको आयोजनामा शनिबार काठमाडौँमा आयोजना भएको 'नेपालको कानुनी तथा न्यायिक इतिहाससम्बन्धी कार्यशाला'लाई सम्बोधन गर्दै प्रधानन्यायाधीश राउतले खोज र अनुसन्धानले नेपालको कानुनी प्रणालीमा आएको विधिशास्त्रीय विकासक्रमको तुलना गर्न सहयोग पुग्ने बताउनुभयो ।

सर्वोच्च अदालतले पनि कानुन र न्यायिक इतिहासको खोज तथा अनुसन्धानलाई अघि बढाइएको जानकारी दिँदै उहाँले कुनै पनि विषयमा सुक्ष्म अध्ययन, खोज र अनुसन्धाान नगरी अन्तरयमा पुग्न नसकिने जिकिर गर्नुभयो ।

उहाँले कानुन तथा न्यायिक इतिहासका बारेमा नागरिकलाई जानकारी गराई मौलिक विधिशास्त्र उजागर गर्दै कानुनी ज्ञानको प्रवर्द्धन गर्नेतर्फ महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेतर्फ सबैको ध्यान जानुपर्ने बताउनुभयो ।

सर्वोच्च अदालतले प्रधानन्यायालयबाट भएका केही फैसलालाई नेपाली भाषामा उतारेर सर्वोच्चको वेबसाइटमा प्रविष्ट गर्ने कार्यको सुरुआत गरी यसलाई निरन्तरता दिइएको उहाँले जानकारी दिनुभयो ।प्रधानन्यायाधीश राउतले यसले प्रधानन्यायालयबाट भएको फैसला सबैका लागि पहुँचयोग्य भएको र यो न्यायिक इतिहासमा कोसेढुङ्गा सावित भएको उल्लेख गर्नुभयो । नेपालको इतिहासमा न्याय प्रणाली धर्ममा आधारित रहेको उल्लेख गर्दै उहाँले यी कानुनी दस्तावेज हालका कानुनका आधार भएको स्मरण गर्नुभयो ।

नेपालमा संहिताबद्ध कानुनको विकास हेर्दा विसं १९१० मा पहिलो पटक जङ्गबहादुरको पालामा एकीकृत कानुनकारुपमा आएको उल्लेख गर्दै उहाँले हाल प्रचलनमा रहेको कानुन ती कानुनको निरन्तरताको रुपमा रहेको जानकारी गराउनुभयो ।

कानुन र न्याय प्रणाली समय, काल, परिस्थिति र सामाजिक परिभेषअनुसार परिमार्जन हुँदै जाने बताउँदै प्रन्या रावतले यो क्रममा ऐतिहासिक र राम्रा कानुनको अनुसरण गरिने पनि बताउनुभयो ।आजको कार्यक्रमले कानुन र न्यायिक इतिहास बुझ्न सहयोग गर्ने जानकारी गराउँदै उहाँले नेपालको कानुन र न्याय प्रणालीलाई परिस्कृत र मौलिक बनाउन यस कार्यक्रमले सहयोग गर्न विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा इतिहासविद् प्राडा त्रिरत्न मानन्धरले नेपालको कानुनको विकासक्रमका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा अर्का इतिहासकार दिनेशराज पन्तले पनि कानुनको विकासक्रमका बारेमा धारणा राख्नुभएको थियो ।रासस

# लोकतन्त्रको सुदृढीकरण र संविधान संरक्षणमा समान धारणा हुनुपर्छ : संयोजक डा भट्टराई

काठमाण्डु । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का संयोजक डा बाबुराम भट्टराईले लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रुपमा प्राप्त नेपालको संविधानको संरक्षण र लोकतन्त्रको सुदृढीकरणका लागि परिवर्तनकारी शक्तिबीच साझा धारणा र एउटै बुझाइ आवश्यक रहेको बताउनुभएको छ ।

शनिबार आयोजित पत्रकार भेटघाटमा उहाँले सङ्घीयता र गणतन्त्रसहितको उपलब्धिलाई संरक्षण र सम्वर्द्धन गर्दै लैजानपर्ने आजको आवश्यकता भएको स्पष्ट पार्नुभयो । पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, "मुलुकमा राजनीतिक परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा दुःख, कष्ट भोगेका राजनीतिक नेतृत्वले जनताका एजेण्डाका आधारमा विकास र समृद्धिमा फड्को मार्न नसक्दा नयाँ शक्तिको उदय भयो तर उनीहरु पनि व्यवस्थित हुन सकिरहेको देखिन्न ।"

लोकतन्त्रका लागि योगदान पुऱ्याएका पुराना शक्तिलाई सुधार्ने तथा नयाँ शक्तिलाई व्यवस्थित तुल्याएर आम सहमतिका आधारमा अघि बढनुपर्ने आवश्यकता रहेको बताउँदै संयोजक भट्टराईले लोकतान्त्रिक गणतन्त्रभित्रै नयाँ शक्ति निर्माण गर्न सकिने तर्क गर्नुभयो । संयोजक भट्टराईले भन्नुभयो, "वैकल्पिक नयाँ शक्ति अग्रगामी सोचसहितको हुनुपर्छ, पुराना वादबाट अब मुलुक चल्दैन । सङ्घीयतालाई पनि परिस्कृत गर्दै लैजानुपर्छ ।रासस

# सरकारको सय दिन :

# "नीतिगत सुधार र श्रम कूटनीति विस्तारमा श्रम मन्त्रालयको फड्को"

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नीतिगत र कानुनी सुधार, आन्तरिक रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगार व्यवस्थापन तथा सुशासन प्रवर्द्धन र श्रम कूटनीतिका क्षेत्रमा फड्को मारेको दाबी गरेको छ ।

श्रममन्त्री शरत्सिंह भण्डारीले आफूले जिम्मेवारी सम्हालेको सय दिनका अवधिमा सेवा प्रवाहमा विकेन्द्रीकरण र सुधार, आन्तरिक रोजगारी प्रवर्द्धन, योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार, व्यावसायिक सीप विकास तथा तालिम एवं श्रम सम्बन्ध र व्यावसयजन्य सुरक्षाका क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल भएको बताउनुभयो ।

सेवा प्रवाहका क्रममा देखिएका जटिलता अन्त्य गर्न विभिन्न ऐन कानुन संशोधन गर्न लागिएको जानकारी दिँदै मन्त्री भण्डारीले यस अवधिमा नीतिगत सुधारको पक्षलाई बढ्ता जोड दिइएको बताउनुभयो । "मन्त्रालयले प्रवाह गर्दै आएको सेवालाई थप प्रभावकारी बनाउन विभिन्न समिति गठन गरेर अध्ययन थालिएको छ", उहाँले भन्नुभयो, "सेवा प्रवाहमा देखिएका जटिलता समाधानको बाटोमा अघि बढिरहेका छौँ ।"




> सेवा प्रवाहका क्रममा देखिएका जटिलता अन्त्य गर्न विभिन्न ऐन कानुन संशोधन गर्न लागिएको जानकारी दिँदै मन्त्री भण्डारीले यस अवधिमा नीतिगत सुधारको पक्षलाई बढ्ता जोड दिइएको बताउनुभयो ।

### नीतिगत र कानुनी सुधार

मन्त्रालयले श्रम स्वीकृति नभएका नेपाली श्रमिकको श्रम स्वीकृति र महिला श्रमिकको पुनःश्रम स्वीकृतिमा सहजीकरण गर्न नीतिगत निर्णय गरिएको जनाएको छ । यसअवधिमा स्थानीय तहबाट तालिम सञ्चालन गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ स्वीकृत, अभिमुखीकरण तालिममा देखापरेका समस्या न्यूनीकरण गर्न अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ मा संशोधन तथा स्थानीय तहबाट महिलालाई श्रम बजारमा पहुँच बढाउन महिला लक्षित क्लब सञ्चाल गर्ने मापदण्ड, २०८१ स्वीकृत भएको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारमा जाने श्रमिकका लागि निःशुल्क तालिम सञ्चालन गर्ने संस्थाका लागि आवश्यक न्यूनतम मापदण्ड (पहिलो संशोधन), २०८० संशोधन, प्रधानमन्त्री रोजगार कार्यक्रम पुनःसंरचना तथा आगामी कार्यदिशासम्बन्धी नयाँ निर्देशि र कार्यस्थलमा आधारित तालिम सञ्चालनसम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको छ । उच्चस्तरमा भएका द्विपक्षीय भ्रमणको आदानप्रदानबाट श्रम कूटनीतिका क्षेत्रमा ठूलो फड्को मारिएको मन्त्रालयले जनाएको छ ।

### प्रम रोजगार कार्यक्रम र आन्तरिक रोजगार प्रवर्द्धन

मुलुकमा आन्तरिक रोजगारी प्रवर्द्धन गरी बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने लक्ष्य लिएको मन्त्रालयले यसअवधिमा आन्तरिक रोजगार महाशाखा स्थापनाको तयारी गरेको छ । न्यूनतम रोजगारीका लागि सूचीकृत बेरोजगार व्यक्तिका लागि ६२ हजार दुई सय ५९ जनाको कार्यस्थल सामूहिक बीमा गरिएको छ ।

सूचीकृत बेरोजगार व्यक्तिलाई कार्यस्थलमा आधारित ज्यालासहितको सीपमूलक तालिम सञ्चालनका लागि कार्यविधि संशोधन गरी स्थानीय तहमा पठाइएको तथा स्थानीय तहले 'कामका लागि पारिश्रमिकमा आधारित आयोजना'बाट विभिन्न विपद्मा तत्काल पुनःनिर्माण र राहत उपलब्ध गराउन सक्नेगरी कार्यविधिमा संशोधन गरिएको मन्त्रालयले जनाएको छ । आगामी १० वर्षलाई आन्तरिक रोजगार प्रवर्द्धन दशकका रुपमा सञ्चालन गर्न आवश्यक रणनीति तयार भइरहेको छ ।

### वैदेशिक रोजगार व्यवस्थापन

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहजीकरण गर्न गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट श्रम स्वीकृतिको व्यवस्था मिलाइएको छ । वैदेशिक रोजगार विभाग र इजाजतपत्रवाला संस्थालाई सातै प्रदेशमा शाखा विस्तार गर्न सहजीकरण गरिएको छ ।

दक्षिण कोरियाको श्रम सम्झौताको पुनरवलोकनका लागि संयुक्त कार्यदलले अन्तिम रुप दिएको छ । मलेसिया र स्पेनसँगको श्रम सम्झौतालाई अन्तिम रुप दिई सम्बन्धित सरकारलाई पठाइएको, संयुक्त अरब इमिरेट्स (युएई) सँग घरेलु कामदार व्यवस्थापनका लागि नमूना आयोजना सञ्चालन गर्नेसम्बन्धी द्विपक्षीय श्रम समझदारीको अन्तिम मस्यौदा तयार भएको मन्त्रालयले जनाएको छ ।

यसबीचमा ओमानसँगको द्विपक्षीय श्रम सम्झौताका लागि उच्चस्तरीय छलफल भई प्रारम्भिक मस्यौदा ओमान पठाइएको तथा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई कर्जा उपलब्ध गराउने सम्बन्धमा कार्यविधिको अन्तिम मस्यौदा तयार भएको छ ।

मन्त्रालयले वैदेशिक रोजगारीका क्रममा श्रमिकको मृत्यु भएमा उपलब्ध हुने क्षतिपूर्ति रकमलाई रु सात लाखबाट वृद्धि गरेर रु १० लाख पुऱ्याएको छ । यस्तै, वैदेशिक रोजगारीका क्रममा वा नेपाल फर्किएको एक वर्षसम्म मृत्यु भएमा पनि सोही बराबर क्षतिपूर्ति दिने व्यवस्था मिलाइएको छ ।

### आकर्षक सामाजिक सुरक्षा 'स्किम'

योगदानमा आधारित सामाजिक सुरक्षामा श्रमिकको आकर्षण बढाउन विभिन्न 'स्किम' थप गरिएको छ । सामाजिक सुरक्षा योगदानकर्ता र योगदाकर्ताको श्रीमान/श्रीमती (वैदेशिक रोजगारमा रहेका श्रमिक तथा अनौपचारिक र स्वरोजगार श्रमिकको हकमा १८ वर्षका सन्ततिसम्मको पनि) वार्षिक रुपमा रु एक लाख २५ हजारसम्मको औषधि उपचार खर्च दिने गरी विस्तार गरेको छ ।

यस अवधिमा कोषमा एक लाख ५० हजार श्रमिक र तीन सय रोजगारदाता आबद्ध गर्ने लक्ष्य राखिएकामा एक लाख ९८ हजार श्रमिक र चार सय ६६ रोजगारदाता सूचीकृत भएका मन्त्रालयले जनाएको छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




जनकपुरको बसपार्कअगाडि जलेश्वर जानेबाटोमा गोरूगाडाबाट घर परियोजनाका लागि एक व्यक्तिले निर्माण सामग्री ओसार्दै। अहिले आधुनिक प्रविधिको विकाससँगै फलमे र स्टिलबाट निर्मित सवारीसाधनको प्रयोग बढेका कारण गोरूगाडा तराईका जिल्लामा कमै मात्रा देखिन पाइन्छ। *तस्बिरः रासस*

# दीपावली र छठ पर्वका लागि घर लिपपोत गरिँदै



महोत्तरी । दीपावली र छठ पर्वअघि मधेसमा घर रङरोगन गर्ने परम्परा रहेको छ । अहिले यहाँका बस्तीका सर्वसाधारणा घरमा रङरोगन गर्ने काममा व्यस्त छन् । घर वरिपरि सरसफाइ गरेर लिपपोत गरेका घरमा लक्ष्मी प्रवेश गर्ने विश्वासले यो बेला घर रङरोगन गन चलन बसेको गृहिणी बताउँछन् ।

“यो (दीपावली) पवनी (पर्व) सबैतिर उज्यालो छर्ने मानिन्छ, त्यसैले पवनीमा घर सिँगार्ने गरेका छौँ”, बर्दिबास-२ बारनचौडीकी सङ्गीता सहनी मलाह भन्नुहुन्छ, “अहिले गरेको लिपपोत र रङरोगन घर सजाउनुमात्र नभई रमाइलो पनि हो ।” पर्वअघि छरछिमेकका सबै घर वरपरको सरसफाइ र रङरोगनमा लाग्दा कुनै खास उत्सवको झल्को दिने गरेको सङ्गीतासहितका मैथिल गृहिणीको भनाइ छ ।

घर लिपपोत र रङरोगन गरिँदाटोलभरिकामहिलाबीचआपसी सल्लाह हुन्छ । ग्रामीण महिला पालैपालो एकअर्काको घर लिपपोतमा सरिक हुन्छन् । यी चाडवाडका बेला कसको घर राम्रो लिपपोत र रङरोगन भयो भन्ने गृहिणीबीचको छलफल र सँगसँगै काम गर्दाको मन फुकाएर गरिने हाँसख्याल ठट्टा रमाइलो क्षणका रुपमा ग्रामीण महिला सम्झन्छन् ।

केही दशक पहिलेसम्म दशैं, दीपावली र छठपर्वअघि घर लिपपोतका लागि विभिन्न रङका माटो लिन टाढाटाढा जाने गरेको बर्दिबास-९ पशुपतिनगरकी ५० वर्षीया शैल महतोको सम्झना अझै ताजै छ । तर पछिल्ला केही वर्षयता नदी किनार क्षेत्र लगातार उत्खनन गरिँदा सेतो र पहेँलो माटोका भित्ता भत्केर बगेपछि अब घर लिपपोत र रङरोगनमा बजारु रङको भर पर्नुपरेको महतोको भनाइ छ ।

महतोजस्तै भङ्गाहा-४ रामनगरकी सुशीला सदा पनि अब नदी डिलमा पहेँलो, कमेरे र कालो माटो पाइन छाडेको बताउनुहुन्छ ।

दशैंअघि घर लिपपोत गर्न नभ्याएका गृहिणीले अहिले दीपावलीअघि गर्दैछन् । महोत्तरीका १५ वटै स्थानीयतहका बस्तीमा अहिले घर सिँगारिने क्रम देखिँदो छ । घर सिँगार्न, लिपपोत गर्ने काममा पुरुष पनि ठाउँठाउँमा देखिन्छन् । तर धेरैजसो यो काम महिलाको मानिने पुरानो मानसिकताले अधिकांश घर लिपपोत र रङरोगन महिलाले नै गर्ने गरेका छन् ।

घर लिपपोत र शृङ्गारको काम जताततै चलेपछि अहिले चुन (सेतो रङका लागि) र विभिन्न रङका पोकाको खरिदबिक्री निकै बढेको छ । दशैंदेखि दीपावलीसम्म घर लिपपोत र शृङ्गारको काम सकिएपछि बस्तीबस्ती उजेलिने (उज्यालो देखिने, चहकिने) गरेका छन् । दीपावलीअघि लिपपोत र रङरोगन गरिएको घर छठमा सामान्य सरसफाइ गर्दा हुने मानिन्छ ।रासस

## विपद्जन्य घटना :
# तीन अर्ब ४४ करोड मूल्य बराबरको क्षति



बागमती । बाढी, पहिरो, डुबान, आगलागीजस्ता विपद्बाट चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनाको अवधिमा बागमती प्रदेशको उपत्यकाबाहेक १० जिल्लामा एक सय ९१ जनाको मृत्यु भएको छ । सबैभन्दा बढी यही असोज ११ र १२ गतेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी एक सय ७७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ ।


बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडा प्रवक्ता प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीका अनुसार चालु आव २०८१/८२ को साउनदेखि असोजसम्ममा पहिरोबाट एक सय ५७ जना, बाढीमा बगाएर ११ जना र डुबेर नौ जनाको मृत्यु भएको छ ।

यस्तै सो अवधिमा करेन्ट लागेर आठ जना, चट्याङ लागेर चार जना र आगलागी तथा जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । सो अवधिमा विपद्का घटनामा परी एक सय ७३ जना घाइते र ११ जना अझै बेपत्ता रहेको उहाँको भनाइ छ । घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको र बेपत्ताको खोजीकार्य जारी रहेको जनाएको छ ।

विपद्बाट ती जिल्लामा नौ हजार सात सय ७८ पंक्षी र पाँच सय १६ चौपायाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । सो अवधिमा भएका विपद्का घटनाबाट एक सय ७१ पक्की, छ सय ७३ कच्ची घर र एक सय ६१ गोठ क्षतिग्रस्त भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ । सो कार्यालयका अनुसार विपद्बाट ९३ सवारी साधन तथा २० उद्योग क्षतिग्रस्त भएको छ । यस अवधिमा विभिन्न जिल्लाका ८३ विद्यालय र १२ वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिनुभयो ।

बाढी, पहिरोजन्य विपद्बाट सो अवधिमा ४८ वटा पक्की तथा झोलुङ्गे पुलमा क्षति पुग्दा विपद्बाट रु तीन अर्ब ४४ करोड ५३ लाख ६१ हजार नौ सय ६० मूल्य बराबरको धनमालको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ । पुल तथा सडक बगाएपछि सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने धेरै सडक अवरुद्ध भएको र विस्तारै मर्मतसम्भार गरी क्रमशः सञ्चालन भइरहेको प्रवक्ता प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । रासस

# नेपालको वित्तीय अवस्था सन्तोषजनक छः गभर्नर अधिकारी



वासिङटन डिसी । नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले नेपालको वित्तीय क्षेत्र स्थिर, मुद्रास्फीति सन्तुलित एवं विदेशी मुद्रा सञ्चिति राम्रो रहेको बताउनुभएको छ ।

शुक्रबार सार्क फाइनान्स गभर्नर्स फोरमको ४६औं बैठकलाई यहाँ सम्बोधन गर्दै गभर्नर अधिकारीले उक्त धारणा राख्नुभएको हो । गभर्नर अधिकारीले भन्नुभयो, “नेपालको विदेशी मुद्रा सञ्चितिले १३ महिनाका लागि वस्तु तथा सेवाको आयातका लागि पर्याप्त छ । नेपालको विप्रेषण आप्रवाहको वृद्धि र वित्त बजार स्थिर रहेको छ ।”

उक्त फोरममा सार्क राष्ट्रका गभर्नरहरूको सहभागिता रहेको थियो ।सार्क फाइनान्स गभर्नर्स फोरममा क्षेत्रीय वित्तीय सहयोग, त्यस क्षेत्रमा सहकार्यात्मक अनुसन्धान तथा क्षमता अभिवृद्धिको विषयमा समेत छललफल भएको जनाइएको छ ।

गभर्नर अधिकारी अर्थमन्त्री विष्णु पौडेलेको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलमा सहभागी भएर विश्व बैङ्कको विभिन्न बैठकमा सहभागिता जनाउँदै आउनुभएको छ । यसैगरी, ‘साइडलाइन’ बैठकअन्तर्गत शुक्रबार नै गभर्नर अधिकारीले पाकिस्तानका गभर्नर जमेल अहम्मदसँग भेटवार्ता गर्नुभएको थियो ।रासस

## कोप-२९ मा नेपाल :
# जलवायु वित्तमा सहज पहुँच पुर्‍याउन ‘लबिइङ’ को तयारी




काठमाण्डु । आगामी नोभेम्बर ११ देखि २२ तारिख (यही कात्तिक २६ देखि मङ्सिर ७ गते) सम्म अरजरबैजानको बाकुमा हुन गइरहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) मा प्रस्तुत गरिने एजेन्डामाथि नेपालले छलफल गरिरहेको छ । कोप तयारीको मुख्य जिम्मेवार मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले विभिन्न अन्तरसरकारी निकाय, तथा अन्य सरोकारवालाहरुसँग आगामी कोपका लागि उठान गरिने ‘एजेन्डा’ माथि छलफल गरिरहेको छ ।

विगतमा भन्दा अझै कोपलाई उपलब्धिमूलक बनाउन सबै सरोकारवालासँग समन्वय गरेर छलफल भइरहेको मन्त्रालयले जानकारी गराएको छ । वन तथा वातावरण मन्त्रालयले विज्ञ तथा सरोकारवालाको आगामी कोपमा प्रस्तुत गर्ने एजेन्डा र भूमिकालगायत विषयमा आयोजित तीनदिने गोष्ठी शुक्रबार मात्रै सकिएको छ । आज नै कोपलाई अर्थपूर्ण बनाउन ‘राष्ट्रिय जलवायु सम्मेलन’ आयोजना हुन लागेको छ । मन्त्रालयले कोपलाई थप प्रभावकारी बनाउन व्यापक रुपमा छलफल चलाइरहेको छ ।

जलवायु परिवर्तन गराउन नगन्य भूमिका खलेको नेपाल लगायतका विकासोन्मख राष्ट्रहरुलाई जलवायु परिवर्तनका कार्यक्रम सञ्चालनका लागि आवश्यक लगानीका लागि धनी राष्ट्रहरुले जलवायु वित्तीय दायित्व बढाउनुपर्ने भन्दै विगतका कोपमा पनि नेपालले यस पटक पनि आवाज उठाउने तयारी गरेको छ । यससँगै उक्त वित्तमा सहज पहुँच हुनुपर्ने भन्दै नेपालले अडान लिँदै आएको छ ।

यस पटक पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तीय दायित्व बढाउनुपर्ने, नेपालजस्ता मुलुकहरूका लागि उक्त वित्त प्राप्ति गर्न पहुँच सहज हुनुपर्ने एजेन्डालाई कोपमा निरन्तरता दिँदैछ । नेपालजस्ता मुलुकहरूका लागि जलवायु वित्तमा सहज पहुँचको व्यवस्था नहुँदा वैदेशिक आर्थिक सहयोग प्राप्त गर्न झन्झटिलो प्रावधान व्यहोर्नुपरेको बताउनुहुन्छ, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गाना ।

“जलवायु वित्तमा नेपालजस्ता मुलुकको पहुँच पुग्न कठिन छ, अन्तर ाष्ट्रियविज्ञ नभई ‘प्रपोजल’ नै तयार हुँदैन, रकम ल्याउन पनि उत्तिकै झन्झटिलो छ,” उहाँले भन्नुभयो, “विगतको कोपहरुमा झैँ यस पटकको कोपमा पनि जलवायु वित्तमा सहज पहुँच हुनुपर्छ भनेर एजेन्डा लैजाने छौँ ।” ढुङ्गानाले कोप-२९ मा जलवायुजन्य हानि-नोक्सानीको विषयलाई पनि प्राथमिकता दिएर एजेन्डा लैजाने विषयमा व्यापक छलफल भइरहेको बताउनुभयो ।

“यही असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण नसोचिएको बाढी आयो, ठाउँठाउँमा पहिरोहरु गए । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको थामे भन्ने ठाउँमा अचानक आएको बाढीले अर्बौंको क्षति गरायो, मुस्ताङमा अचानक पहिलोपटक बाढी आयो । केही वर्षअघि मेलम्ची नदीमा आएको बाढीका कारण आयोजानालाई नै क्षति गरायो । जलवायुजन्य परिस्थितिले हानि-नोक्सानी धेरै बढेको छ,” डा ढुङ्गानाले भन्नुभयो, “हाम्रो हिमाल पग्लेका कारण पनि नेपालले विपद्को समाना गर्नुपर्नेछ । हिउँ पहिरोको समस्या हामीले भोग्नुपर्छ, तसर्थ जलवायु परिवर्तन गराउन मुख्य भूमिका खेल्ने मुलुकहरुबाट हामीलाई आवश्यक पर्ने जलवायु वित्त चाहिन्छ भनेर माग गर्नेछौँ ।”

सरकारको दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) तथा राष्ट्रिय अनुकूलन योजना (न्याप) कार्यान्वयन गर्नका लागि अन्तराष्ट्रिय जलवायु वित्त, क्षमता र प्रविधिको आवश्यकता भएकाले यसपटकको कोपमा पनि जलवायु वित्तलाई नै बढी प्रथामिकता दिइएको डा ढुङ्गानाको भनाइ छ । “हामी जलवायुको क्षेत्रमा अधिकार मात्रै खोज्दैनौँ, हाम्रो प्रतिबद्धता पनि पूरा गर्छौं । परियोजना आएर पनि कार्यान्वयन हुन समय लाग्ने गरेको छ । यो सुधार गर्नेछौँ,” उहाँले भन्नुभयो ।

जलवायुविद् डा धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तन व्यवस्थापनका लागि आगामी कोप-२९ मा जलवायु वित्तका नयाँ आयामहरुमाथि जोडदार रुपमा ‘लबिङ’ गर्नुपर्ने बताउनुभयो । “वायुमण्डलमा तापक्रम वृद्धि भएर ‘रेकर्ड ब्रेक’ भइरहेको छ, बाढीपहिरो, डुबान, हिउँ पहिरोजस्ता रेकर्ड ब्रेक गर्ने किसिमका विपद्का घटना हामीले समाना गर्नुपरेको छ । अझै बढी समाना गर्नुपर्ने छ,” उहाँले भन्नुभयो, “तसर्थ जलवायु परिवर्तनले निम्ताएका असर व्यवस्थापनका लागि नयाँ वित्तको आवश्यकता छ । विकासित मुलुकहरुले एक सय अर्ब अमेरिकी डलर वार्षिक रुपमा जलवायु वित्त जम्मा गर्ने भन्ने छ, अब यसले पुग्दैन ।” उहाँका अनुसार अब खर्ब डलरको कुरा गर्नुपर्छ । विश्व समुदायले नै जलवायु वित्तलाई कसरी सम्बोधन गर्ने ? नयाँ लक्ष्य निर्धारण कसरी गर्ने ? भन्नेमा केन्द्रित भई यसपटकको कोपमा बुलन्द रुपमा आवाज उठाउनुपर्छ ।

उप्रेतीले कोपमा उठाउने जलवायुका मुद्दा सम्बोधन गराउन टापु मुलुकको पनि ऐक्यबद्धता हुनुपर्नेमा जोड दिनुभयो । “जलवायु परिवर्तनको असर तीव्र गतिमा बढिरहेकाले जलवायुजन्य हानि-नोक्सानी सम्बोधन गर्न प्रत्येक क्षेत्रगत रुपमा कुरा उठाउनुपर्छ, जस्तै जलवायु परिवर्तनका कारण कृषि, पर्यटन, वातावरण, पूर्वाधार, स्वास्थ्य, मानवीय लगायतका क्षेत्रमा पर्ने असर सम्बोधन गर्न क्षतिपूर्तिको व्यवस्था होस् भन्ने आवाज उठाउनुपर्छ,” उहाँले भन्नुभयो, “क्षेत्रअनुसार जलवायु परिर्वतन व्यवस्थापनमा ठूला लगानीको खोजिनुपर्छ ।”

जलवायु विज्ञहरूले पनि नेपालले आगामी कोपमा जलवायु वित्तीय दायित्व बढाउन दाबाब दिइनेगरी आफ्नो एजेन्डा तय गर्नुपर्ने सुझाव दिएका छन् ।

**अनुकूलन कोषका लागि आकार बढाउन जोड**

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन प्रमुख डा सिन्धु ढुङ्गानाले जलवायु अनुकूलन कोषका लागि आकार बढाउनुपर्नेमा जोड दिनुभयो । “जलवायु अनुकूलन वित्त कुन देशलाई कति आवश्यकता हो ? भन्ने स्पष्ट हुनुपर्छ र यसको आकार बढाए मात्रै जलवायु अनुकूलनसम्बन्धी नीति कार्यान्वयनमा सहज हुनेछ,” उहाँले भन्नुभयो, “अहिले अनुकूलन कोषको वित्त अपुग देखिएको छ, अब कसले कसले योगदान गर्ने भन्ने प्रश्न पनि छ । सबैले गर्नुपर्छ कोषमा योगदान भन्ने भयो भने फेरि हामीलाई असहज हुनेछ भन्ने कुरा पनि छ ।”

महाशाखाअन्तर्गत अनुकूलन शाखा प्रमुख सुमन सुवेदीले पनि नेपालजस्ता मुलुकका लागि जलवायु परिवर्तनसम्बन्धी न्यूनीकरणका कार्यक्रमभन्दा अनुकूलनका कार्यक्रम उपयोगी हुने भन्दै अनुकूलनको क्षेत्रमा आवश्यकताअनुसार लगानी जुटाउन प्रयास आवश्यक रहेको बताउनुभयो । जलवायु विज्ञहरुले पनि नेपालले आगामी कोपमा जलवायु वित्तीय दायित्व बढाउन दाबाब दिइनेगरी आफ्नो एजेन्डा तय गर्नुपर्ने सुझाव दिएका छन् ।

यी हुन् मुख्य एजेन्डा

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि सरकारले मुख्य छओटा एजेन्डालाई उच्च प्राथमिकता दिएर तयारी थालिरहेको छ । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धिसागर पौडेलले जलवायु वित्त, जलवायुजन्य हानि-नोक्सानी, न्यूनीकरण कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताको छओटा विषयगत कार्यपत्र तयार भएको जानकारी दिनुभयो ।

“नेपालको राष्ट्रिय स्थितिपत्र पनि तयार भएको छ, यसमा राष्ट्रिय अवधारणापत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि र खाद्य प्रणाली, स्वास्थ्य र जलवायु परिवर्तन, ऊर्जा सङ्क्रमण र दक्षता, पानी र जलवायुजन्य कार्यजलवायुका लागि प्रकृति लगायतका विषयवस्तु समावेश गरिएको छ,” उहाँले भन्नुभयो, “आगामी कोपलाई थप उपलब्धिमूलक बनाउन राम्रो तयारी भइरहेको छ, विभिन्न सरोकारवालाको धारणा पनि समावेश गरेर हामीले कोपको एजेन्डा तर्जुमा गरेका छौँ ।”

गत वर्ष युएइको दुबईमा भएको कोप-२८ मा स्थापना गरिएको जलवायुजन्य हानि-नोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका लागि पनि दबाब दिने पौडेलले जानकारी दिनुभयो । “नेपालले जलवायु परिवर्तनसम्बन्धी पहिलो द्विवर्षीय पारदर्शिता प्रतिवेदन (बिटिआर) प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ,” उहाँले भन्नुभयो, “ नेपालको तेस्रो राष्ट्रिय निर्धारीत योगदान तयारीका लागि बहुपक्षीय प्राविधिक समिति गठन भई कार्य अगाडि बढेको छ ।”रासस


# खानेपानी समस्या सम्बोधन गर्न ४२ अर्बको परियोजना ल्याउने तयारीमा छौँ : मन्त्री यादव

पर्सा । खानेपानीमन्त्री प्रदीप यादवले तराई मधेसका जिल्लामा देखिएको खानीपानी समस्या समाधानका लागि सरकारले रु ४२ अर्बको परियोजना ल्याउने तयारी गरेको जानकारी दिनुभएको छ ।

रेडियो सिमाञ्चलको शनिबार वीरगञ्जमा एक कार्यक्रमबीचको उद्घाटन गर्नुहुँदै उहाँले खानेपानी समस्याको दीघकालीन समाधान गर्न सुनकोशी मरिन डाइर्भसन सिँचाइ परियोजनाबाट मधेसका ६ जिल्लामा खानेपानी पुर्‍याउने योजनामा सरकार रहेको बताउनुभयो ।मन्त्री यादवले पहिलेदेखि निर्माण भएका तर सञ्चालनमा नआएका ओभर योजना सञ्चालनमा ल्याउनुका साथै डिपट्वेल जडान जस्ता कार्यक्रमलाई सरकारले अगाडि बढाइरहेको बताउनुभयो ।

यसैगरी उहाँले काठमाडौँवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउन सुन्दरीजलमा रु २५ करोड ५० लाख लिटर क्षमता भएको पानी प्रशोधन केन्द्र निर्माण गर्न लागिएको जानकारी दिनुभयो । सो कार्य पूरा भएपछि काठमाडौँवासीलाई सातै दिन २४सै घण्टा शुद्ध खानेपानी उपलब्ध गराउन सकिने मन्त्री यादवको भनाइ थियो । “सुन्दरीजलबाट काठमाडौँमा ल्याएको पानीमा समस्या भए खानेपानी आपूर्तीलाई सहज बनाई राख्न सिस्नेरीस्थित कुलेखानीको पानी काठमाडौँ लैजाने योजना बनाएका छौँ ।

त्यसका लागि मन्त्रालयले विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनाइसकेको छ, चाँडै परियोजनालाई मूर्त रूप दिनेगरी काम अगाडि बढाउँछौँ”, उहाँले भन्नुभयो । कार्यक्रममा रेडियो सञ्चालक नेपाल पोष्ट मिडिया प्रालिका अध्यक्ष मनोज पटेल, वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंह, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहानलगायतले पत्रकारितामा बढ्दै गएको विकृतिप्रति चिन्ता व्यक्त गरेका थिए ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

सम्पादकीय

# कति दल खोल्ने ?

नेपालमा राजनीतिक दल दर्ताको क्रम रोकिएको छैन। पछिल्लो पटक राजेन्द्र महतोले राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन्। राजेन्द्र महतो नेपालको उपप्रधानमन्त्री रहिसकेका छन् । उपप्रधान मन्त्रीको रुपमा उनको कार्यकाल अत्यन्त छोटो र विवादित रहेको थियो। नेपाल सद्भावना पार्टीबाट राजनीतिक थालेका महतोले पछि सद्भावना पार्टी आफ्नै नेतृत्वमा गठन गरेका थिए। संविधान सभाको चुनावमा उनको दलले एकसिट पनि जित्न सकेन। महतो स्वयं चुनाव हारे। तर समानुपातिक तर्फको मतबाट उनले आफ्नी श्रीमतीलाई संविधान सभा सदस्य भने बनाउन सफल भए। समानुपातिक तर्फ महतोको पार्टीले एक सिट मात्र पाएको थियो। महतोले सद्भावना पार्टीको नेतृत्व गरिरहेको बेला मधेशमा रहेका महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, महेन्द्र यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, राजकिशोर यादवको नेतृत्वमा रहेको मधेशी जनअधिकार फोरम गणतान्त्रिक, अनिल झाको नेतृत्वमा रहेको नेपाल सद्भावना पार्टी र शरतसिंह भण्डारीको नेतृत्वमा रहेको राष्ट्रिय मधेश समाजवादी पार्टीसमेत एकीकृत भएर राष्ट्रिय जनता पार्टी(राजपा) नेपाल बनाएका थिए। त्यसपछि उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी पार्टी समेत मिलेर जनता समाजवादी पार्टी बन्यो। तर फेरि विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल गठनका लागि सक्रिय रहेका महतोले नयाँ पार्टी गठनका लागि सक्रिय भएर लागे। तर उनी त्यहाँ पनि टिक्न पाएनन्। त्यसपछि उनी फेरि राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दर्ता गराएका छन्। दल दर्तामा उनलाई खासै समस्या आउने छैन। राष्ट्रिय मुक्ति पार्टी नेपाल भनिए पनि त्यसको आधार क्षेत्र के हुने ? प्रश्न दल दर्ताको भन्दा त्यसको सञ्चालनको संस्थागत र निर्वाचनका लागि बनाइने आधार नै हो। राष्ट्रिय पार्टीको रुपमा दल दर्ता गराएर देशै भरमा संगठन रहेको बताइए पनि त्यो उम्मेदवारी दिएर मत बढाउनका लागि मात्र हो। देशका अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएर समानुपातिक मत बटुल्नु नै हो। समानुपातिक तर्फबाट एक, दुई जना जित्ने सम्मको मत आउन सक्छ। तर प्रत्यक्ष रुपमा सिट जित्नका लागि कडा मिहिनेत गर्नुपर्छ। महतोले दल गठनको क्रममा मधेशी, आदिवासी, जनजाती, महिलाको हक अधिकार सुनिश्चित गर्ने हो। त्यो नारा उपेन्द्र यादवको जसपा नेपाल र महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको पनि हो। महतो नेतृत्वको पार्टीले तराई मधेशमा मधेशी समुदायको मत काट्ने हो। त्यसले लोसपा र जसपाको मत घटाउने काम प्राथमिक रुपमा गर्नेछ।

# नेताको चक्रब्यूँहमा मुलुक फस्दै



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

मुलुकको ठूलो व्यापारीले नेकपा(एमाले)को केन्द्रीय कार्यालय निर्माण गरिदिने भए। एमालेका सिद्धान्तप्रति प्रतिबद्ध नेता र समर्थकका लागि 'निल्नु न ओकल्नु' जस्तै भएको छ। पटक पटक सत्ताको बागडोर सम्हालेको र पार्टीका साधारण सदस्यबाट पनि मासिक चन्दा लिने पार्टीसँग एउटा केन्द्रीय कार्यालय भवन बनाउने क्षमता रहनेको कि मनसाय नरहेको बुझ्न त्यति कठिन छैन्। उक्त पार्टीका कार्यकर्ताहरु 'नेताजी' भनौं वा 'कामरेड' सम्मान पाउने योग्य भएपछि यतिखेर, उनीहरुसँग राजधानीलगायत विभिन्न शहरमा आलिशान भवन र करौंडो मूल्यको गाडी छन्। सो पार्टीका नेतृत्वकर्ताले आफ्नो बलबुत्तामा एउटा केन्द्रीय कार्यालय बनाउन नसक्नु आफैंमा लाजमर्दो कुरा हो। नेपाल कम्युनिष्ट पार्टीको सिद्धान्तविपरीत एक व्यापारीले पार्टीको लागि अतिआधुनिक भवन निर्माण गर्ने विषयले एमालेभित्र भित्रभित्रै अन्तरद्वन्द्व देखिएको छ। सर्वहाराको पार्टी भवन एक धनाढ्यले निर्माण गर्ने भएपछि आउँदो दिनमा त्यसको प्रतिफल कस्तो हुनेछ भन्ने सन्दर्भमा एक कथासँग जोडेर विश्लेषण गर्न खोजेको छुँ। उक्त कथामा एक विद्वान राजपुरोहित र चोरिएको अन्नसँग जोडिएको छ। एकादेशमा राजाको मुकुट चोरी भयो। मुकुटको चोरीको विषयले राजदरवारमा हाहाकार मच्यो। खोजविन तीव्र रुपमा शुरु भयो। एक प्रहरीले राजपुरोहितले आफ्नो वस्त्रमा राजमुकुट लुकाएर लगेको जानकारी गराए। राजाले यो कुरा सुनेर आश्चर्यचकित हुँदै राजपुरोहितको घरमा प्रहरी खटाएर उनलाई लिएर आउने आदेश गऱ्यो। मुकुटसहित राजपुरोहित हाजिर भए। राजपुरोहितले राजासमक्ष आफूले मुकुट चोरेको कुरा सत्य हो। तर, मेरो मनमा चोर्ने ईच्छा किन जागृत भयो भन्ने विषयमा खोजी होस् भन्ने चाहना राखे। राजपुरोहितले मुकुट चोरी गऱ्यो भन्ने खवरले बज्रपात भएको जस्तो अनुभूति भयो। राजपुरोहितको ईच्छाअनुसार अनुसन्धान शुरु भयो। केही दिनअघि प्रहरीले चोरबाट चामल बरामद गरेको रहेछ। सो चामल राजकोषको भण्डार गृहमा राखिएको थियो। त्यो चामल राजपुरोहितलाई दानस्वरुप प्रदान गरिए। चोरेर ल्याएको अन्न खाएपछि एक निष्ठावान राजपुरोहितको मनमा चोर्ने प्रवृति जाग्यो। अर्थात, गलत अन्नको कुप्रभावबाट राजपुरोहित मुक्त हुन सकेन्। उनको मनमा चोरीगर्ने ईच्छा जागृत भयो। उनले राजमुकट चोरी गरे।

नेपालमा राज्य सञ्चालक साना, मझौंला र ठूला राजाहरुले कस कसका अन्न खाएका छन्। छुट्याउन गाह्रो छ। तर, चन्दाको नाममा, सरुवा, बढुवा, ठेक्कापट्टा र सिफारिसलगायत विभिन्न प्रकारका कार्यका लागि कतिपय नेताहरु तस्कर, लुटेरा, भ्रष्टाचारी, जालसाजीलगायत गलत बाटोबाट आर्जन गरेका सम्पत्तिका अंशियारनै भए।

भाटभटेनी सुपर मार्केटका संस्थापक सञ्चालक मिनबहादुर गुरुङले कीर्तिपुर नगरपालिकाको मैत्रीनगर स्थित ढुङ्गे अड्डामा १० रोपनी १४ आना जगामा एक बर्षभित्रै अतिआधुनिक भवन निर्माण गर्ने भएको छ। व्यापारी गुरुङले एक अर्बभन्दा बढी खर्चिएर एमालेको पार्टी कार्यालय निर्माण गर्न लागेको विषयमा कुनै न कुनै गम्भीर स्वार्थ हुनुपर्छ भन्ने विषयमा व्यापक रुपमा चर्चा परिचर्चा शुरु भएको छ। एक ठूलो व्यापारीको एक अर्बभन्दा बढीको लगानीमा निर्माण हुने अतिआधुनिक भवनमा बसेर साम्यवादी पार्टी एमाले निर्णय गर्दा, सर्वहारा वर्गको ख्याल आउँछ कि भवन निर्माताको ? यो गम्भीर प्रश्नको जवाफ पक्कै एमालेका नेताहरुलाई दिनुपर्ने हो।

कुनै व्यक्तिले नियमविपरीत कार्य गर्न रकम दिएको छ भने ति व्यक्तिको स्वार्थपूर्तिका लागि कार्य गर्नुपर्ने हुन्छ। मुलुकमा प्रजातन्त्र पुनःस्थापनाअघि साम्यवाद र समाजवाद सिद्धान्तमा कुन असल छ भन्ने विषयमा तार्किक बहश हुन्थ्यो। प्रजातन्त्रदेखि गणतन्त्रसम्मको तीनदसकभन्दा बढीको अवधिमा मुलुकमा मधेशी, जनजाति, दलितलगायतको हक अधिकारका लागि आन्दोलन पनि भएको छ। मधेश आन्दोलनमा दर्जनौं व्यक्तिको मृत्यु भयो। आन्दोलनले नेताहरुको व्यक्तिगत स्वार्थनै पुरा भएको देखिएको छ।

केपि शर्मा, ओली नेतृत्वको सरकारले सय दिन पुरा गरेको छ। सय दिनको अवधिमैं सरकारको मूल्याङ्कन गर्नु उचित त होईन्। तर, सरकारले कमसेकम सुशासन र आर्थिक परिचालनमा कुन किसिमको जिम्मेवारी निर्वाह गरेको छ। त्यसको मूल्याङ्कनको आधारमा आउँदो दिन कस्तो हुनेछ भन्ने आकलन गर्ने गरिन्छ। प्रतिनिधिसभाका दुई ठूला दल मिलेर सरकार गठन भएपछि सोही किसिमका प्रतिफल जनताले पाउनु पर्ने हो। त्यो देखिएन्।

> प्रजातन्त्रदेखि गणतन्त्रसम्मको तीनदसकभन्दा बढीको अवधिमा मुलुकमा मधेशी, जनजाति, दलितलगायतको हक अधिकारका लागि आन्दोलन पनि भएको छ। मधेश आन्दोलनमा दर्जनौं व्यक्तिको मृत्यु भयो। आन्दोलनले नेताहरुको व्यक्तिगत स्वार्थनै पुरा भएको देखिएको छ।

बर्षा र बाढीले मुलुकमा अर्बो मूल्यबरावरको क्षति र एकसयभन्दा बढी जनाको मृत्यु भयो। प्रत्येक बर्ष बाढी र पहिरो आउँछ भन्ने थाहा हुँदाहुँदै त्यसको रोकथाम र पीडितको व्यवस्थापनमा सरकारको तयारीमा व्यापक कमी थियो। केपि ओली प्रधानमन्त्री बनेपछि संविधान संशोधन गर्ने घोषणा गरको थियो। संविधानको कुन कुन धारा र उपदफाको संशोधन गर्नका लागि गृहकार्य गरेको देखिएको छैन्। अहिले संशोधनको चर्चा सेलाएको देखिन्छ। थुप्रै ऐन बन्न सकेको छैन्। समग्रमा भन्नुपर्दा, सरकारको स्थायित्व कसरी गर्ने र सरकारको नेतृत्वमा कसरी पुग्ने खेलमैं नेताहरु रुम्मिलिएका छन।

केही दिनदेखि भाटभटेनीका सञ्चालक मिनबहादुर गुरुङले एमालेको पार्टी कार्यालय दानमा उपलब्ध गराउने विषयलाई उछिन्दै तत्कालीन गोरखा मिडिया नेटवर्क प्रालिका प्रवन्ध निर्देशक रवि लामिछानेको पक्राउको घटना चर्चामा छन्। पत्रकारिता क्षेत्रबाट विश्राम लिई उनले स्थापना गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको स्थापना गरेको थियो। सो पार्टीका सभापति रहेका उनी उपप्रधानमन्त्रीसहित दुईपटक गृहमन्त्री भइसकेका हुन्। प्रतिनिधिसभामा उनको पार्टी चौंथो वरियतामा छ। उनी सहकारीको रकम अपचलनको अभियोगमा पक्राउमा परेपछि पार्टीका कार्यकर्ताहरु पोखरामा आन्दोलित भयो। उक्त, आन्दोलनले सर्वोच्चको क्षेत्राधिकारमाथि हस्तक्षेपको रुपमा पनि व्याख्या गर्न थालिएको हो। उनीमाथि पोखरास्थित सुर्यदर्शन सहकारीका संस्थापक गितेन्द्रबावु राईसँग मिलेर सहकारीको रकम अपचलन गरेको आरोप छ।

तीन महिनाअघि रवि लामिछानेमाथि संसदीय छानविन समिति गठन गर्नका लागि प्रतिपक्षमा रहेका काँग्रेसले लामो समयसम्म संसदनै अवरुद्ध गरेको थियो। प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन दिने एमालेका अध्यक्ष केपि शर्मा, ओलीले रविको पक्षमा अडान लिएका थिए। समग्र एमाले पार्टी नै रवि निर्दोष छ भनेर आवाज उठाएको देखिन्थ्यो। एमालेका साँसद् सुर्य थापाको सभापतित्व समिति बनाउने विषयमा रविहरु सहमति दिएपछि सो समिति गठन भयो।

उतिखेर, एमाले र रास्वपा सरकारमा थियो। सर्पपनि मर्ने 'लट्ठीपनि नभाँच्ने' लोकोक्तिको आधारमा रवि लामिछानेले सहमति दिएको बुझिन्छ। काँग्रेसले छानविन समिति आफ्नै साँसदको अध्यक्षतामा गठन हुनुपर्ने मागपनि राखेको थिएन्। ओलीले खुलेर रविको प्रशंसापनि गर्थे। त्यसकारण, रास्वपा एक किसिमले ढुक्क नै थियो। प्रतिवेदन सार्वजनिक हुनुअगावै सरकार फेरिन्छ भन्ने रविलाई आभाष हुन सकेन्। केही दिनपछि, सत्ता समीकरणमा हेरफेर हुनासाथ पुष्पकमल दाहालको नेतृत्वको सरकार ढल्यो। काँग्रेसको समर्थन लिएर ओली प्रधानमन्त्रीमा नियुक्त भयो। सत्ता साझेदार हेरफेरपछि एमालेको कित्ताबाट रास्वपा उछिट्टिए। लामिछाने प्रतिपक्षमैं बस्ने निर्णय गऱ्यो। जेठ १५ गते गठित सो समितिले तीन महिना लगाएर भदौं ३१ गते प्रतिवेदन प्रतिनिधिसभामा पेश गरेका थिए। सोही दिन सभामुख देवराज घिमिरेले मन्त्रिपरिषदमा पठाएका थिए। उक्त, समितिले तयार पारेको प्रतिवेदनमा लामिछानेसहित चार जनामाथि कारवाहीको लागि सिफारिस गरेको थियो।

निर्वाचनअघि लामिछानेको मुख्य तीनवटै दलका नेताप्रति जुन किसिमले कटाक्ष गर्थे। निर्वाचनको परिणामपछि कोल्टो फेऱ्यो। प्रचण्ड र ओलीको कडा विरोध गर्ने लामिछाने उनीहरुकै सरकारमा गृहमन्त्री बनेको देखेर राजनीतिका पण्डितहरु दङ्ग परेका थिए। रवि लामिछानेले प्रचण्ड नेतृत्वको सरकार आफ्नो अवधि पुरा गर्ने र आफू गृहमन्त्री रहिरहने छु, भन्ने भ्रममा थियो। तर, राजनीतिका जानिफकारहरुले सरकार गठन भएको पहिलो दिनमैं एमालेसमर्थित प्रचण्ड नेतृत्वको सरकार ६ महिनापनि नटिक्ने भविष्यवाणी गर्न थालेको थियो। त्यसको मुख्य कारणके थियो भने सत्ता साझेदारमा सवैभन्दा ठूलो दल एमालेले सवैभन्दा दुई महत्वपूर्ण मन्त्रालय गृह र अर्थमध्ये एक मन्त्रालयका लागि अडान लिएको देखिएन्। प्रधानमन्त्री र गृहमन्त्रीको दल मिलाएर ५३ जना साँसद मात्र पुग्छ। एक्लै एमालेको ७८ साँसद छन्। एमालेले ति दुई शक्तिशाली मन्त्रालयमध्ये एउटा पनि नलिनु नै यो सरकारको आयु छोटो समयको लागि मात्र छ भन्ने सहज रुपमा बुझ्नुपर्ने थियो। निश्चित रुपमा कुनै न कुनै गम्भीर योजना ओलीले तयार पारेको भनेर सचेत हुनुपर्ने थियो। तर, प्रचण्डले ओलीको उदारता सम्झेका थिए। उदारताभित्र प्रतिशोधको रहस्यलाई बुझ्न सकेन्। २०७८ सालमा ओलीलाई प्रधानमन्त्री पदबाट हट्नका लागि प्रचण्डले नै बाध्य पारेको थियो। प्रचण्डलाई प्रधानमन्त्री पदमा पुऱ्याएर अप्रत्यासित रुपमा हटाएर आफू प्रधानमन्त्री बनेर प्रतिशोध साधेको स्पष्ट हुन्छ। लामो समयदेखि संसदीय प्रणालीको राजनीतिमा सक्रिय प्रचण्डले ओलीको रणनीति सम्झन नसक्नु राजनीतिक अदुरदर्शिता नै हो। राजनीतिमा दुरगामी सोच हुनुपर्छ।

नेताको परिभाषा फेरिए

अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिङ्कनले नेतालाई दृढ निश्चय हुनुपर्छ। लिङ्कनले देश र जनताको लागि दृढ निश्चय हुने सन्देश दिएको थियो। तर, नेपालसम्म आउँदा आउँदै 'शीर्षक' रह् यो। तर परिभाषा फेरिए, नेताहरु दृढ निश्चय भएर कमाउनतिर लागे। शुरु शुरुमा जनताको सेवक रुपमा आफ्नो पहिचान बनाएर अधिकांस नेताले आफ्ना व्यक्तिगत लाभ आर्जनतर्फ केन्द्रीत हुने गर्छन्। जव कि नेतालाई समाज र देशलाई आफ्नै परिवारको रुपमा सम्झनु पर्ने हो। सहकारीमा राजनीतिक परिवारका व्यक्ति र नेताहरुको सर्वसाधारणले जम्मा गरेको रकमको अपचलनमा मुछिएको देखिएको छ। यो अत्यन्त दूर्भाग्यको कुरा हो।

वास्तवमा, जुन व्यक्ति आफ्नो व्यक्तिगत आकाङ्क्षाबाट माथि उठेर समाज र देशका लागि सकारात्मक सोचका साथ कार्य गर्छन्। त्यो नेता हो। राज्यपक्षको दमन र समाजमा आतङ्क मच्चाउने प्रवृतिको विरोधमा सङ्घर्ष गर्दागर्दै कुनै व्यक्ति नेतृत्वको पक्तिमा पुग्छन्। कुनै व्यक्तिमा राजनीति गर्ने प्रवल महत्वाकाङ्क्षा हुन्छ। त्यस्ता व्यक्तिहरु राजनीतिकमा सक्रिय भूमिका निर्वाह गर्छन्। कोही कोही पारवारिक पृष्ठभूमिको आधारमा नेता बन्ने गर्छन्। राजनीतिमा आफ् नो पहिचान स्थापित गर्न वा नेतृत्व गर्नका लागि जीवनको अनुभव र जीवनलाई देख्ने तरिका उनको व्यक्तिगत सीमालाई पार गर्नुपर्ने हुन्छ। पारवारिक सीमामा बाँधिएको खण्डमा सफलतापूर्वक नेतृत्वगर्न असम्भव हुन्छ।

यदि, नेता बन्नु स्वभाविक घटनाजस्तै छ भने नेतृत्वको क्षमता आफैं विकसित हुँदै जान्छ। यदि, कुनै व्यक्ति आध्यात्मिकता बेगर नेतृत्वमाथि कब्जा गर्छ भने बडो सहज तरिकाले ति व्यक्ति तानाशाहको रुपमा परिणत हुन्छ। नेपालमा नेताहरु तानाशाह बन्ने प्रयत्नपनि भएको हो।

लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्ष हुन्छ। सत्तापक्ष र प्रतिपक्षले आफ्ना दलका साथै समर्थित दलका नेतामाथि आरोप लागेको छ भने उनको बचाउमा सवै एकै स्वरमा बोल्ने गर्छन्। अनियमितता र भ्रष्टाचारको आरोप लागेको भएपनि सत्ता साझेदारको धर्म निर्वाह गर्दै उनको पक्षमा उत्रिने गरिएको देखिन्छ। सत्ता समीकरणमा हेरफेर हुनासाथ जुन अमूक व्यक्तिलाई इमान्दारको उपाधि दिएर पक्षमा आवाज उठाउने व्यक्तिहरु सत्ता हेरफेर हुनासाथ जसलाई इमान्दारको उपाधि दिएर बचाउँ गर्दे थियो, त्यो व्यक्तिलाई भ्रष्टाचारी भन्नमा एकछिनपनि ढिलो गर्दैनन्। नेपालमा यस्ता फोहोरी राजनीति २०५२ सालदेखि निरन्तर रुपमा जारी छ। अवपनि नेताहरु सुध्रिएन भने राजनीतिले नयाँ मोडलिने खतरा छ। 'इतिश्री'

# आरोग्य र आध्यात्मिक शक्तिका लागि कार्तिक स्नान



अजयकुमार झा

जलस्नान मानिसको एक स्वाभाविक दैनिक कर्म हो। यो स्नानको विषयसँग पनि उत्सव, पर्व, पूजा, आराधना, उपासना, अभ्यास, साधना, योग, ज्ञान आदि जोडिएका छन्। मकर संक्रान्तिको स्नान र पुसी पूर्णिमा (पौष शुक्ल पूर्णिमा)को स्नान निकै प्रसिद्ध छन्।

गंगास्नान जीवनकै एक अभीष्टका रूपमा रहेको हुन्छ। विभिन्न अवसरमा विशेष स्नानको महत्त्व छ। यस्तै दुई मासिक स्नान अर्थात् कार्तिक स्नान र माघी स्नान, जसमा यी दुई महिनाको दुवै चन्द्र पक्ष (कृष्ण र शुक्ल)को अवधिभर दैनिक ब्रह्म मुहूर्तमा स्नान गरी भगवान् नारायणको उपासना गरिन्छ।

वर्ष २०८१ को कार्तिक मासको आरम्भसँगै कार्तिक स्नान प्रारम्भ भइसकेको छ। यो स्नान उपासना प्रायः प्रौढ र वृद्धवृद्धा गर्छन्।

शास्त्र-पुराणमा यस कार्तिक मासमा भगवान् विष्णु नारायण रूपमा जलमा निवास गर्नुहुन्छ भन्ने मान्यता छ। यस्तो मानिन्छ कि भगवान् विष्णु क्षीरसागर (ब्रह्माण्डीय सागर)मा निद्रा योगमा जानुहुन्छ। यस कारणले कार्तिक कृष्ण प्रतिपदादेखि कार्तिक पूर्णिमासम्म नियमित सूर्योदयभन्दा पहिले नदी वा जलाशयमा गएर स्नान गर्नु पुण्य प्रदायी मानिन्छ।

कार्तिक मास चतुर्मासको अन्तिम महिना हो। चतुर्मास भनेको चार महिनाको एक पवित्र अवधि हो। यो अवधि हरिशयनी वा देवशयनी एकादशीदेखि प्रबोधिनी एकादशीसम्मलाई मानिन्छ। देवशयनी एकादशीको दिनबाट देवताहरु विश्राममा जाने विश्वास गरिन्छ।

कार्तिक महिनाको महत्त्व यस कारणले पनि छ कि यसै महिनामा कुमार कार्तिकेयले तारकासुरको वध गरेका थिए। कुमार कार्तिकेयको पराक्रमको सम्मान दिनका लागि नै यस महिनाको नाम कार्तिक राखिएको छ।

शरीर सफा गर्नु व्यक्तिगत विषय हो, तर यो केही धार्मिक अनुष्ठानको आध्यात्मिक भाग पनि हो। हिन्दु धर्ममा कार्तिकको विशेष महत्त्व छ। कात्तिकमा पूर्व प्रभात कालमा स्नान गरी भगवान् विष्णु र माता लक्ष्मीको पूजा गर्नाले मानिसको जीवनमा सुख र समृद्धि आउने जनविश्वास रहेको छ। कार्तिक स्नान भनेको समुदाय र धर्मस्थल वा तीर्थस्थलनजिकै नदी, पोखरी आदि प्राकृतिक पवित्र जलाशयमा गरिने प्रातः स्नान हो। कार्तिक स्नान गर्नाले आरोग्यता र आध्यात्मिक शक्ति प्राप्त हुन्छ। यस स्नानले यस शरीर र मनबाट हुन गएका पापको प्रायश्चित हुन्छ। कार्तिक स्नानले इच्छा अनुसारको फल र मोक्षको प्राप्ति हुन्छ।

कार्तिक मासको महात्म्यमा भनिएको छ कि एक गणिकाले एक दिन एक ऋषिलाई भेटेर आफ्नो मुक्तिको उपाय सोधिन्। ऋषिले गणिकालाई कार्तिक स्नानको महत्त्व बताए। प्रत्येक दिन गणिकाले सूर्योदयअघि नदीमा नुहाएर नदी किनारमा दियो बाल्दै भगवान् विष्णु र सूर्यदेवको पूजा गर्न थालिन्। यस पुण्यको प्रभावले बिना कुनै पीडा आफ्नो शरीर छाडेर उनी दिव्य विमानमा बैकुण्ठ गइन्।

कार्तिकको महिमा वर्णन गर्ने देवी रुक्मिणीको कथा पनि छ। पद्म पुराणका अनुसार अघिल्लो जन्ममा रुक्मिणी गंगाको किनारमा बस्ने विधवा ब्राह्मणी थिइन्। उनी नियमित रूपमा गंगा स्नान, तुलसीको पूजा र भगवान् विष्णुको ध्यान गर्थिन्। कार्तिक महिनाको चिसोमा एक दिन नुहाएर पूजा गर्दा उनको आत्मा शरीरबाट मुक्त भयो। उनको आत्मामा पुण्यको यति धेरै धन थियो कि उनले देवी लक्ष्मी बराबरको पद पाइन्। यही गुणको प्रभावले उनी भगवान् श्रीकृष्णकी रानी बनिन्।

कार्तिक महात्म्यको वर्णन गर्दै भगवान् श्रीकृष्णले सत्यभामालाई आफ्नो पूर्वजन्ममा भगवान् विष्णुको पूजा गरेको बताएका थिए। सत्यभामाले कार्तिकमा सूर्योदयअघि नुहाएर जीवनभर तुलसीमा दीप प्रज्ज्वलन गरिन्। यही गुणका कारण सत्यभामा श्रीकृष्णकी पत्नी भइन्। भगवान् श्रीकृष्णले आफूलाई सबै महिनामध्ये कार्तिक सबैभन्दा प्रिय रहेको बताएका छन्। यस महिनामा खाना र दियो दान गर्ने वा कुबेरको पूजा गर्ने जो-कोहीलाई कुबेरले आशीर्वाद दिने विश्वास गरिन्छ।

एक कथा यस्तो छ कि शंखासुर नामक राक्षस ब्रह्माजीबाट वेद चोरेर भागिरहेको थियो। वेद उसको हातबाट समुद्रमा खस्यो। देवताको प्रार्थनाबाट प्रशन्न भई भगवान् विष्णुले भने कि म माछाको रूप लिन्छु र अब वेद ल्याउँछु। अबदेखि कार्तिकमा म आफैं पनि सबै वेदसहित जलमा रहनेछु।

शरद ऋतु ६ ऋतुमध्ये एक हो। वर्षा ऋतु समाप्त भएपछि शरद ऋतु सुरु हुन्छ। शरद ऋतुले चिसो मौसमको सुरुवात र गर्मीको अन्त्य हुने भएकाले यस परिवर्तित मौसममा सामञ्जस्य कायम राख्न कार्तिक स्नानको महत्त्व छ। यस्तै, आवधिक वर्षा सकेर फिजिन लागेको चिसोको मौसमसँग मेल खान कार्तिक स्नानको महत्त्व छ। नुहाउनु भनेको शरीरलाई पूर्ण वा आंशिक रूपमा पानीमा डुबाउनु हो। शरीर सफा गर्नु व्यक्तिगत विषय हो, तर यो केही धार्मिक अनुष्ठानको आध्यात्मिक भाग पनि हो।

यो स्नान पर्वमा सूर्योदयअघि उठेर पवित्र नदीमा नुहाउने चलन छ। यो सम्भव छैन भने पानीमा गंगाजल मिसाएर स्नान गर्न सकिन्छ। यस महिनामा के खाने र के नखाने भन्ने पनि मान्यता छन्। खासगरी गाईको दूध, केरा, खजुर, नरिवल, अम्बा आदि खाँदा स्वास्थ्यलाई राम्रो हुने भनिन्छ।



हिन्दु धर्ममा कार्तिकको विशेष महत्त्व छ। कात्तिकमा पूर्व प्रभात कालमा स्नान गरी भगवान् विष्णु र माता लक्ष्मीको पूजा गर्नाले मानिसको जीवनमा सुख र समृद्धि आउने जनविश्वास रहेको छ। साथै यस महिनामा गंगास्नानको विशेष महत्त्व रहेको छ। हिन्दु धर्ममा मानिसको सद्गत् दाहसंस्कार विधिबाट गरिन्छ, तर दाहसंस्कारको तीन दिनपछि मृतकको भष्मबाट फूला (हाडको अवशेष) झिकेर गंगा नदीमा प्रवाह गरिन्छ। फूला जलसमाधि एक तरहले मानिसको जीवन यात्राको अन्तिम स्नान हो।

कार्तिक मासमा अनेक पर्व पर्छन्– धनतेरश, नरक निवारण चतुर्दशी, दीपावली, काली पूजा, लक्ष्मी पूजा, गोवर्द्धन पूजा, भ्रातृद्वितीया, यम पञ्चकको रूपमा गाईतिहार, कुकुरतिहार, छठ महापर्व, कार्तिका एकादशी, कार्तिक पूर्णिमा, सामा-चकेवा आदि। यो स्नान पर्वमा सूर्योदयअघि उठेर पवित्र नदीमा नुहाउने चलन छ। यो सम्भव छैन भने पानीमा गंगाजल मिसाएर स्नान गर्न सकिन्छ। यस महिनामा के खाने र के नखाने भन्ने पनि मान्यता छन्। खासगरी गाईको दूध, केरा, खजुर, नरिवल, अम्बा आदि खाँदा स्वास्थ्यलाई राम्रो हुने भनिन्छ।

कार्तिक महिनामा दीपदान, तुलसी पूजा, भुइँमा सुत्ने गर्दा राम्रो हुने मान्यता छ। कार्तिकमा तुलसीको पूजा गरी दीप प्रज्ज्वलन गर्दा भगवान् विष्णु प्रशन्न हुन्छन्। यस महिनामा भगवान् विष्णुको नाम जप तथा भगवद्गीता, रामायण र विष्णु सहस्रनामको पाठ गर्नु उपयुक्त हुन्छ। यस्तै, तुलसीको बिरुवाको छेउमा दियो बाल्नु धेरै शुभ मानिन्छ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म स्नान गरी घरघरमा विशेष रूपमा विधिविधानका साथ तुलसीपूजा गरिन्छ। कार्तिक स्नानको सुरुवात भएसँगै हरेक दिन सूर्योदयअघि नै तुलसीको पूजा गरिसक्नुपर्ने मान्यता छ। कार्तिक शुक्ल पूर्णिमाको दिन कार्तिक स्नान समापन गरिने चलन छ। कार्तिक पूर्णिमाको दिन उपवासमा रहनुपर्छ। यस दिन मिथिलाञ्चलको लोकप्रिय पर्व सामा-चकेवा मनाउने परम्परा छ। सामा-चकेवा पर्व केवल मिथिलाञ्चलमा मात्र होइन, आर्यावर्तका अन्य क्षेत्रमा पनि हर्षोल्लास र लोकाचारका साथमा मनाउने गरिन्छ। सामा-चकेवा पर्व कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म मनाइन्छ। यो पर्व पूर्वी नेपालका थारु जनजातिले पनि विशेष उत्साहका साथ मनाउने गर्र्छन्।

कार्तिक स्नानको समापन उद्यान गरी गरिन्छ। कार्तिक महात्म्यको आठौं अध्यायमा नारदजीले फल प्राप्ति र विष्णु भगवानको प्रशन्नताका लागि कार्तिक शुक्ल चतुर्दशीमा व्रतको उद्यापन गर्ने विधि बताएका छन्। (लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दक्खल राख्छन्।)

# नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन चाहन्छौँ: अध्यक्ष दाहाल




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपाली जनताले प्राप्त गरेको अधिकारको रक्षा र थप विकासका लागि आफ्नो पार्टीले निरन्तर अभियान चलाउने बताउनुभएको छ ।

माओवादी केन्द्रको वाग्मती प्रदेश समितिले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले आफ्नो पार्टी जनअधिकार संरक्षण गर्न लागिपरेको र थप अधिकार प्रदान गर्न उद्यत रहेको उल्लेख गर्नुभयो । उहाँले पूर्ववर्ती सरकारले विद्युत् व्यापार सम्झौता गरेको, आर्थिक विकास एवं सुशासनका पक्षमा प्रतिबद्ध भएर अभियान सञ्चालन गरेको तथा चीन र भारतसँग सुदृढ सम्बन्धको विकास गरी मुलुकको हितमा काम गरेको स्मरण गर्नुभयो ।

पूर्वप्रधानमन्त्री दाहालले कुशासन र अनियमितताका विरुद्धमा निर्मम भएर प्रस्तुत हुन सरकारलाई आग्रह गर्नुभयो । आगामी निर्वाचनमा माओवादी एक्लै जाने स्पष्ट पार्दै उहाँले पहिलो पार्टी भएर देखाउने दाबी गर्नुभयो । विभिन्न समूहमा विभक्त माओवादी धारका पार्टीबीच पनि चाँडै एकता हुने उहाँले बताउनुभयो ।

उत्पादन अभियानलाई निरन्तर रुपमा अगाडि बढाउने र युवालाई रोजगारी प्रदान गर्ने बताउँदै अध्यक्ष दाहालले निर्वाचन प्रणालीका कारण अनियमितता बढेको हो भन्नुभयो । उहाँले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै मुलुकका लागि ग्राह्य भएको बताउनुभयो । सहकारी र लघुवित्त पीडितले न्याय पाउनुपर्ने र दोषीमाथि कारवाही हुनुपर्नेमा उहाँको जोड थियो ।

पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले राजनीतिक परिवर्तनको महान् अभियान पूरा भएकाले आर्थिक विकासको अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले मजदुर र किसान वर्गको हितका खातिर नयाँ विशेषतासहितको समाजवादको आधार तयार पार्न पार्टीले विशेष प्रयास थालेको बताउनुभयो । आफ्नो पार्टी नेतृत्वको पूर्ववर्ती सरकारले देश र जनताका पक्षमा दूरगामी महत्वका काम गरेको विवरण पनि उहाँले सार्वजनिक गर्नुभयो ।

केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटा, नेता हितमान शाक्य, यशोदा सुवेदी, दलित मुक्ति मोर्चाका अध्यक्ष दलजीत सिर्पाली, पूर्वमन्त्री रामेश्वर राययादव, परशुराम तामाङलगायत वक्ताले माओवादी केन्द्र सशक्त रुपमा अगाडि बढ्ने बताउनुभयो । आमसभामा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कलाकारले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । त्यसअघि राजधानीको विभिन्न स्थानबाट निस्केको जुलुस प्रदर्शनीमार्गमा पुगेर सभामा परिणत भएको थियो ।रासस

# ‘सरकार विधिको शासनमा अगाडि बढ्छ’

काठमाण्डु । नेपाली कांग्रेस काठमाडौँ महानगरले बडादसैँ, शुभदीपावली, नेपाल संवत् एवं छठ पर्वका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा पार्टी सभापति शेरबहादुर देउवाले छोटो प्रतिक्रिया दिनुहुँदै सबै पर्वका अवसरमा सुख, शान्ति एवं विधिको शासनको वकालत गर्छु भन्ने दलले नै विधि एवं प्रक्रियाको उपहास गरिरहेको बताउनुभयो ।

शुक्रबार बसेको सत्तारुढ सात दलको बैठकको निर्णयअनुसार नै सरकार विधिको शासनको मार्गमा अघि बढ्ने उपप्रधानमन्त्री सिंहको भनाइ छ । संविधान संशोधन आवश्यकताका आधारमा सबै दलको विचार



समृद्धिका लागि सबैमा शुभकामना व्यक्त गर्नुभयो ।

कांग्रेस नेता एवं उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले सरकारको १०० दिनका क्रममा लक्ष्य तोकेअनुसार सबै काम सबै मन्त्रालयले पूरा गरेको बताउनुभयो ।

विपक्षीले उठाएका कुरा कति सत्य छभन्ने समयक्रमले देखाउने उल्लेख गर्नुहुँदै उहाँले बुझेर प्रक्रियासम्मत रुपमा हुने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय, प्रदेश र जिल्ला तहका नेता, कार्यकर्ताका साथै पार्टीका शुभेच्छुक एवं बुद्धिजीवीको समेत उपस्थिति रहेको महानगर समिति सभापति नीलकाजी शाक्यले राससलाई जानकारी दिनुभयो ।रासस

# तापमान वृद्धिलाई सीमित गर्ने प्रयासमा सबै राष्ट्र एकजुट हुनुपर्ने

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले यही कात्तिक २६ देखि मङ्सिर ७ गतेसम्म अजरबैजानको बाकुमा हुने जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-२९) मा जलवायु वित्तका विषयमा विशेष छलफल हुने बताउनुभएको छ ।



कोप-२९ लाई अर्थपूर्ण बनाउन शनिबार आयोजित ‘राष्ट्रिय जलवायु सम्मेलन’ कार्यक्रममा मन्त्री ठकुरीले कोपमा जलवायु वित्तको एजेन्डालाई महत्वका साथ उठान गरिने उल्लेख गर्नुभयो । “कोपमा सबै देशहरू जलवायु परिवर्तनका कारण निम्तिएका सङ्कट र समस्या समाधान गर्न एकजुट हुनेछन् । जलवायु सङ्कटसँगै समाधानमा नेपालले गरेको उपलब्धिबारे प्रचार गरी थप सहयोग र सहकार्यका माध्यमबाट हाम्रा आवश्यकता पूर्ति गर्नेबारे अघि बढ्ने छौँ”, उहाँले भन्नुभयो ।

वित्तीय सहयोगबिना विकशील देशलाई जलवायु परिवर्तनले निम्ताएका चुनौतीसँग लड्न असहज हुने भएकाले वित्तसम्बन्धी विषयमाथि छलफल गरिने मन्त्री ठकुरीले बताउनुभयो । “तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्ने प्रयासमा सबै राष्ट्र एकजुट हुनु जरुरी छ । यसलाई हासिल गर्न विश्वले स्वच्छ तथा दिगो ऊर्जा स्रोत अवलम्बन गरी कार्बन उत्सर्जनमा कमी ल्याउने कार्यलाई प्राथमिकता दिनु आवश्यक छ ।”

जलवायुपरिवर्तनका कारण केही समयअघि थामेमा भएको हिमताल विस्फोट र काठमाडौँलगायत क्षेत्रमा आएको बाढीका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराइँने मन्त्री ठकुरीले जानकारी दिनुभयो ।

“जलवायु परिवर्तनले निम्तिाएका सङ्कट आज समग्र विश्वका लागि गम्भीर चुनौतीका रुपमा देखिएको छ । यससँग जुध्न कुनै एक देश वा समुदाय मात्र नभई विश्व जगत एकजुट हुनु जरुरी छ । नेपालले विश्व मञ्चमा जलवायु परिवर्तनको समस्या समाधान गर्न नेतृत्वदायी भूमिका लिइरहेको छ र आगामी दिनमा पनि समन्वय र सहकार्य गर्नेछ”, उहाँले भन्नुभयो । सन् १९९२ को जलवायु परिवर्तन महासन्धी र सन् २०१५ को पेरिस सम्झौता अनुमोदन गर्नुका साथै नेपालले आफ्नो प्रतिबद्धता पूरा गर्दै आएको भन्दै मन्त्री ठकुरीले नेपालले विसं २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी कार्यान्वयन गरिरहेको जानकारी दिनुभयो । विद्युतीय सवारी प्रवर्द्धन तथा स्थानीयस्तरमा जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धिलाई विश्वले प्रशंसा गरेको उहाँले उल्लेख गर्नुभयो ।

मन्त्री ठकुरीले जलवायु परिवर्तनका कारण खानेपानीका स्रोत सुकिरहेको, कृषि र बाली उब्जनी घटिरहेको, हिमाली क्षेत्रमा हिउँ पर्नेक्रम घटेको, बाढीपहिरोलगायत जलवायुजन्य विपत्तिहरुले निरन्तर पुर्‍याइरहेको क्षतिकाबारेमासम्बन्धितजिल्लाका जनप्रतिनिधि, स्थानीय, विज्ञ तथा सञ्चारकर्मीले जानकारी गराइरहनुभएको बताउनुभयो ।“खेतीपाती र खाद्यसुरक्षा, पानीको स्रोत, पर्यटन, स्वास्थ्यलगायत समग्र अर्थतन्त्रमा यसका दुष्परिणाम देखिन थालेका छन् । त्यसैले, जलवायु परिवर्तनको समाधानका लागि एकजुट भएर सबैले सहकार्य गर्न आवश्यक छ”, उहाँले भन्नुभयो ।

सन् २०१५ मा भएको पेरिस सम्झौतासँगै विश्वले जलवायु परिवर्तनका विरुद्ध एकत्रित प्रयास गर्न एक साझा प्रतिबद्धताका साथ अघि बढेको बताउँदै मन्त्री ठकुरीले यो सम्झौताले विकासशील र विकसित देशबीच सहकार्य गर्दै समस्या समधान गर्न प्रोत्साहित गर्ने उल्लेख गर्नुभयो । हाम्राजस्ता देशका लागि जलवायु परिवर्तनका प्रभाव गम्भीर बनेका बताउँदै सीमित स्रोत र साधनले यो समस्यासँग जुध्न नसकिने भएकाले बहुपक्षीय प्रक्रियामा सहभागी हुनु अत्यन्त महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

“जलवायु परिवर्तनको प्रभावसँग जुध्नका लागि अन्तर्राष्ट्रियस्तरको सहयोग र सहकार्य अनिवार्य छ”, मन्त्री शाहीले भन्नुभयो, “विकसित देशले वित्तीय र प्रविधिसम्बन्धी सहयोग गरेर विकासशील देशमा जलवायुमैत्री योजना कार्यान्वयन गर्न मद्दत गर्नुपर्छ ।”

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा समस्याका साथै सामाधानका लागि तयार पारेको जलवायुमैत्री योजना र हासिल भएका उपलब्धिका बारेमा प्रचार गरी अन्तर्राष्ट्रिय सहयोगका लागि विश्व जगतलाई अनुरोध गर्ने मन्त्री ठकुरीले उल्लेख गर्नुभयो ।वन तथा वातावरण राज्यमन्त्री रुपा विकले जलवायु परिवर्तन न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय जलवायु वित्तका लागि कोपमा पहल गर्न आवश्यक रहेकामा जोड दिनुभयो । सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधानले कोपमा जलवायु न्याय विषयमा छलफल गर्नु जरुरी रहेको बताउनुभयो ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जलवायु परिवर्तनका कारण मधेसमा कृषि क्षेत्र बढी प्रभावित भएको भन्दै समस्या समाधान गर्न विश्व समुदायसँग सहकार्य गरी अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

मन्त्रालयका सचिव डा दीपककुमार खरालले जलवायु वित्त जुटाउन नसके जलवायुका नीति कार्यन्वयनमा चुनौती थपिने बताउनुभयो । नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गानाले जलवायु परिवर्तन न्यूनीकरणका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# ‘अनियमितता गर्ने छुट कसैले पाउँदैन’

गण्डकी । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अनियमितता गर्ने जो कोहीलाई छुट नहुने बताउनुभएको छ ।

एमाले कास्कीद्वारा शनिबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले अनियमिततामा संलग्न जो कोहीलाई कानुनअनुसार कारबाही हुने बताउनुभयो ।

भ्रष्टाचार र आर्थिक अनियमिततामा संलग्न जो कोहीलाई कानुन र विधिसम्मत ढंगले कारवाही हुने स्पष्ट पार्दै उहाँले देशमा अराजकता फैलाउने र सद्भाव खलबलाउने छुट कसैलाई नभएको बताउनुभयो ।




राष्ट्रको आवश्यकताअनुसार देशका प्रमुख राजनीतिक दल एक ठाउँमा भएको बताउँदै उहाँले आफूहरू कानुनका पक्षमा रहेको उल्लेख गर्नुभयो । हाम्रा चाडपर्वहरू सामाजिक सद्भावका आधार रहेको उल्लेख गर्दै नेता पोखरेलले यस्ता चाडपर्वले सामाजिक सद्भाव र एकतालाई मजवुद बनाउने बताउनुभयो । एमाले गण्डकी प्रदेश इन्चार्ज किरण गुरुङले लोकतन्त्रको विकल्प अरु हुन नसक्ने बताउँदै समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य पूरा गर्न निशारालाई चिर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

एमाले स्थायी कमिटी सदस्य एवम् गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले राजनीतिक प्रणालीलाई सुदृढ गर्दै सुशासनको अभियानमा लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराललले देश र जनताका पक्षमा एकाकार भएर लाग्नुपर्ने बताउँदै अदालतमा प्रवेश भइसकेका विषयलाई सडकबाट प्रभावित गराउन खोज्न नहुने बताउनुभयो ।रासस

# संविधान संशोधन प्रक्रिया अघि बढाउनुपर्नेमा जोड

काठमाण्डु । नेपालको संविधान जारी भएको १० वर्षका अवधिलाई सूक्ष्म रूपमा मूल्याङ्कन गरी देश र जनताका पक्षमा संविधान संशोधन गर्नुपर्ने धारणा व्यक्त गरिएको छ ।




प्रजातान्त्रिक विचार समाजद्वारा शनिबार आयोजित ‘बधाई तथा सम्मान कार्यक्रमसहित संविधान संशोधन’ विषयक छलफलका अवसरमा वक्ताहरूले प्रजातान्त्रिक मूल्यमान्यता र समावेशी सिद्धान्तलाई आत्मसात् गरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । संविधान संशोधनको मुद्दालाई प्राथमिकतामा राखी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) जस्ता दुई ठूला राजनीतिक दल सम्मिलित सरकार गठन भएको विद्यमान सन्दर्भमा बौद्धिकजगत्सहित आमनागरिकबाट ठोस राय-सुझावको अपेक्षा गरिएको उहाँहरूले बताउनुभयो । शिक्षा, स्वास्थ्य, समाजसेवालगायत अधिकांश क्षेत्रमा अस्वस्थ, गैरजिम्मेवार एवं विवेकहीन राजनीति हाबी भएको चर्चा गर्दै वक्ताहरूले समयसापेक्ष एवं जनमुखी संविधानका पक्षमा वकालत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अहिले शिक्षा, स्वास्थ्य, बैङ्क तथा वित्तीय संस्थाजस्ता सेवामूलक क्षेत्रमा समेत राजनीतिक गतिविधिले प्रश्रय पाउनु दुःखद भएको धारणा व्यक्त गर्दै वक्ताहरूले पेसा-व्यवसायका रुपमा भन्दा सेवाभावसहितको संस्कारयुक्त राजनीतिक प्रणाली स्थापनाका पक्षमा उभिन समग्र देशवासीसँग अनुरोध गर्नुभयो ।सो अवसरमा दक्षिण अफ्रिकाका लागि नवनियुक्त राजदूत प्राध्यापक कपिल श्रेष्ठले प्रजातन्त्र र मानवअधिकारलाई सदैव आत्मसात् गरी आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै देश र जनताको पक्षमा पदीय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेले मुलुकको न्याय, प्रशासन, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा देखिएका विकृति, विसङ्गति, ढिलासुस्तीको न्यूनीकरण एवं अन्त्यसहित राजनीतिक स्थायित्व, सुशासन र समृद्धिका लागि संविधान संशोधन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । संविधानसभा सदस्य जनदीशनर सिंह केसीले विद्यमान संविधानका कारण देशमा समस्या सिर्जना भएको हो भने संशोधनका लागि बौद्धिकजगत्बाट नेतृत्वदायी भूमिका निर्वाह हुनुपर्ने धारणा व्यक्त गर्दै व्यावहारिक एवं वस्तुनिष्ट ढङ्गबाट सुझाव दिन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो ।

प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्ले र निवर्तमान अध्यक्ष डा केदार नरसिंह केसीले केही संवैधानिक प्रावधान, शासकीय स्वरुप र शासन सञ्चालन विधि, कानुनी राज्य, शक्ति बाँडफाँटलगायतका मुद्दामा विभिन्न कोणबाट प्रश्न उठ्न थालेको यथार्थलाई मध्यनजर गरी संविधान संशोधनका पक्षमा आवश्यक बहस पैरवी गर्नुपर्ने समय आएको बताउनुभयो ।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका सल्लाहकार प्रा श्रेष्ठ दक्षिण अफ्रिकाका लागि राजदूत पदमा नियुक्त हुनुभएकामा बधाईसहित सफल कार्यकालका लागि शुभकामना व्यक्त गरिएको थियो ।रासस

# पर्यटन क्षेत्रको विकासबाट मुलुकलाई समृद्धितर्फ उन्मुख गर्न सकिने

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पर्यटन क्षेत्रको विकासबाट मुलुकलाई समृद्धितर्फ उन्मुख गर्न सकिने बताउनुभएको छ । उहाँले आर्थिक समृद्धिको महत्वपूर्ण आधार पर्यटन क्षेत्रको विकासका लागि सरकारी तहमा हरसम्भव प्रयास भएको बताउनुभयो ।



बैंसीसहर नगरपालिका-२ चिसापानी घरबासको आज यहाँ उद्घाटन गर्दै सञ्चारमन्त्री गुरुङले घरबासका माध्यमबाट पनि पर्यटन प्रवर्द्धनमा योगदान हुने भएकाले पर्यटकलाई यहाँका मौलिक उत्पादन र सम्पदाबारे जानकारी दिनुपर्छ भन्नुभयो । रोजगारीका अवसर सिर्जनाका साथै त्यसबाट गरिबी घटाउन पनि योगदान पुग्ने उहाँले बताउनुभयो । उहाँले पर्यटकको आगमनबाट विदेशी मुद्रा आर्जन हुने र त्यसले स्थानीयको आर्थिक स्तर उकास्न मद्दत मिल्ने बताउनुभयो ।

सञ्चारमन्त्री मन्त्री गुरुङले भन्नुभयो, “स्थानीयले होमस्टे चलाउनुपर्छ । बिजुली, सडक, खानेपानीलगायत संरचना निर्माणमा सरकारले सक्दो सहयोग गर्नेछ ।”

फरक प्रसङ्गमा उहाँले पुरानो कृषि प्रणालीले उत्पादकत्व वृद्धि नहुने, कृषिको यान्त्रिकीकरणका साथै व्यावसायिकीकरणमा जोड दिँदै किसान समृद्ध भए मात्र गाउँको समृद्धि सुनिश्चित हुने बताउनुभयो । खेतबारी बाँझो नराख्न पनि उहाँले सबैलाई अनुरोध गर्नुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले ग्रामीण पर्यटन विकासका लागि घरबास उपयोगी भएका आफूले पाएको बताउनुभयो ।

घरबास सञ्चालन व्यवस्थापन समितिका अध्यक्ष मिनमाया गुरुङले ४९ घर रहेको चिसापानी गाउँमा १० घरमा घरबास सञ्चालन भएका जानकारी दिनुभयो ।रासस

# आगामी निर्वाचन एक्लै लड्न आजैदेखि मिहिनेत गर्नुपर्छः नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आगामी निर्वाचन एक्लै लड्न आजैदेखि मिहिनेत गर्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौँ महानगरपालिका-३२ ले शनिबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले आगामी निर्वाचनमा सबै दलले एक्लै प्रतिस्पर्धा गर्ने घोषणा गरेकाले आफ्नो पार्टी पनि कुनै दलसँग तालमेल नगरी चुनावमा जान सक्षम छ भन्नुभयो ।

निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्न आजैदेखि तयारी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसबीच भएको सहमतिअनुसार नै सरकार सञ्चालन हुने बताउँदै राजनीतिक स्थायित्वका निम्ति दुई दलीय सरकार बनेको स्पष्ट गर्नुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले पार्टीलाई एकताबद्ध नबनाएसम्म एक्लै निर्वाचनमा स्पर्धा गर्न कठिन हुने विचार व्यक्त गर्नुभयो ।रासस

# जनताको समस्याप्रति सरकार गम्भीर छः सञ्चारमन्त्री गुरुङ

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताका समस्या समाधान गर्न वर्तमान सरकार गम्भीर रहेको बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटीद्वारा दसैँ, तिहार, नेपाल संवत्, छठका अवसरमा बैँसीसहर नगरपालिका-८ मा शनिबार बिहान आयोजित कार्यक्रममा उहाँले सरकारले बाढीपहिरो पीडित, सहकारीपीडित, कृषक, व्यवसायी, निर्माण व्यवसायीलगायत सबै पेसाकर्मीलाई सहयोग पुग्नेगरी सरकारले काम गरिरहेको बताउनुभयो ।

बाढीपहिरोबाट अतिप्रभावित पालिकालाई रु एक करोड, मध्यम क्षति भएकालाई रु ६० लाख प्रदान गर्ने निर्णय सरकारले गरेको जानकारी दिँदै उहाँले अस्थायी बासको व्यवस्था पनि सरकारले गर्ने बताउनुभयो ।

मन्त्री गुरुङले ३० लाख दूध किसानमध्ये १५ लाख किसानका समस्या समाधान गर्नेदेखि निर्माण व्यवसायीलाई भुक्तानी दिनेसम्मका काम सरकारले प्राथमिकताका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वर्तमान सरकार गठन भएयता आफूहरुले मुलुकको अर्थतन्त्रमा सुधार गर्न हरसम्भव प्रयास गरिरहेको, प्रधानमन्त्री केपी ओलीले अन्तर्राष्ट्रिय सम्बन्ध तथा छिमेकीहरुसँगको सम्बन्ध विस्तारमा विशेष जोड दिनुभएको, देशलाई विश्व बैंक, एसियाली विकास बैंकका साथै युरोपेली बैंकहरुले पनि वातावरण, शिक्षा र स्वास्थ्य क्षेत्रमा खुला हृदयले सहयोग गरिरहेका सञ्चारमन्त्री गुरुङले बताउनुभयो ।

सहकारीको रकम ठगीमा मुछिएका सबैलाई छानबिनको दायरामा ल्याइने र ठगीको अभियोगमा अनुसन्धानका निम्ति प्रहरीको नियन्त्रणमा रहेका सबैलाई कानुनअनुसार कारबाही हुने उहाँले बताउनुभयो । ऐनकानुन विपरीत गर्ने सबैलाई कानुनको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्दै सञ्चारमन्त्री गुरुङले सत्तापक्ष र विपक्ष नहेरिने, कसैको दबाब र प्रभावमा सरकार नपर्ने प्रष्ट पार्नुभयो ।

“सामाजिक सञ्जाललाई व्यवस्थित गर्न सरकारले नीति तर्जुमा गर्न लागेको छ । यो जमाना आइटी र सूचनाको हो, सञ्चार मन्त्रालयले नागरिक एपमार्फत सबै काम गर्नेछ । फोरजी सेवाको काम ८० प्रतिशत पूरा भएको छ ।

राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट स्वदेशमा नै छाप्ने योजना छ”, विदेशमा छापिँदै आएको हुलाक टिकट हाल स्वदेशमा नै छापिने गरेको जानकारी दिँदै उहाँले भन्नुभयो ।रासस

# इजरेल र इरानसँग कति हतियार छन्, सैन्य शक्ति कसको बढी छ

बीबीसी

काठमाण्डु । इजरेलले इरानमा गरेको हवाई हमलाका कारण राजधानी तेहरान सहितका ठाउँमा विस्फोटका आवाज सुनिएका छन्। इजरेली सेनाले इरानका सैन्य निशानाहरूमा प्रहार पछि आफ्ना विमानहरू सुरक्षित रूपमा स्वदेश फर्किएको जनाएको छाइरानले अक्टोबर १ र त्यसयता इजरेलमा क्षेप्यास्त्रहरू प्रहार गरेर हवाई हमला गरेको बदलामा आक्रमण गरिएको इजरेल डिफेन्स फोर्सेस आइडिएफले जनाएको छ।

इजरेलले सन् २००६ यता पहिलोपटक लेबननमा पनि अतिक्रमण गर्दै आक्रमणलाई तीव्रता दिएको छ। हमासका प्रमुख नेता इस्माइल हानियालाई गत जुलाई महिनामा मारिएको घटनाको प्रत्युत्तर दिनै बाँकी रहेको बताउने हिज्बुल्लाहका प्रमुख नेता हसन नस्रल्लाह पनि इजरेली हमलामा मारिएपछि मध्यपूर्वमा तनाव चर्किएको छ अनि इजरेल र इरान तथा हिज्बुल्लाहबीच ठूलो युद्ध हुने त्रास उत्पन्न भएको छ।

यदि ठूलै युद्ध भयो भने कुन पक्षको अवस्था कस्तो देखिएला? तल प्रस्तुत विषयका आधारमा बीबीसीले दुवै देशको सैन्य सामर्थ्यको विश्लेषण गर्न खोजेको छ। तर दुवै देशसँग लुकाएर राखिएको अरू विशेष सामर्थ्य पनि हुन सक्छ।

इन्टर्न्याशनल इन्स्टिट्यूट फर स्ट्रटीजिक स्टडीज (आईआईएसएस)ले दुवै देशका सेनाको गोलाबारी गर्न सक्ने क्षमताको तुलना गरेको छ।आधिकारिक र खुल्ला स्रोतबाट उपलब्ध विवरण प्रयोग गर्दै यथासम्भव मिल्दो स‌ङ्ख्या गणना गरिएको छ। स्टक्होम इन्टर्न्याशनल पीस रिसर्च इन्स्टिट्यूटजस्ता अरू संस्थाहरूले त्यसबारे आकलन गरेका छन्। तर तथ्याङ्क सार्वजनिक नगर्ने देशहरूसँग सम्बन्धित अनुमानित स‌ङ्ख्या भिन्न हुन सक्छ।

यद्यपि पीस रिसर्च इन्स्टिट्यूट ओस्लो (पीआरआईओ) का निकोलस मार्शका अनुसार विश्वभरि कुनै देशको सैन्य शक्तिको मूल्याङ्कन गर्न आईआईएसएसलाई अग्रणी मानिन्छ। आईआईएसएसका अनुसार इजरेलले रक्षा क्षेत्रमा इरानले भन्दा बढी खर्च गर्छ। त्यसो हुँदा सम्भावित द्वन्द्वमा उसलाई ठूलो शक्ति मिल्छ।

आईआईएसएसका अनुसार सन् २०२२ र २०२३ मा इरानको प्रतिरक्षा बजेट ७.४ अर्ब डलर थियो भने इजरेलको त्यसको दोबरभन्दा बढी अर्थात् १९ अर्ब डलर थियो।इजरेलको जीडीपी अर्थात् कुल गार्हस्थ्य उत्पादनसँगको तुलनामा उसको रक्षा खर्च पनि इरानको भन्दा दोबर छ।

**प्रविधिमा को अगाडि**

आईआईएसएसको विश्लेषण अनुसार इजरेलसँग लडाइँमा पठाउन ३४० वटा सैन्य विमान छन्। यसबाट उसको निसाना बनाएर हवाई आक्रमण गर्ने क्षमता देखिन्छ।

इजरेलसँग लामो दूरीमा आक्रमण गर्न सक्ने एफ-१५ जेट विमानहरू, रेडार छल्न सक्ने एफ-३५ जेट विमानहरू र चाँडो आक्रमण गर्न सक्ने हेलिकप्टरहरू छन्। आईआईएसएसको अनुमानअनुसार इरानसँग लडाइँमा प्रयोग गर्न सकिने ३२ वटा विमान छन्। इरानसँग भएका जेटहरू सन् १९६० को दशकदेखिका हुन्।तर पीआरआईओका निकोलस मार्श ती पुराना विमानमध्ये कति वटा प्रयोग हुन सक्ने अवस्थामा छन् भन्ने स्पष्ट नभएको बताउँछन्। किनभने तिनको मर्मत गर्न पार्टपुर्जा पाउन निकै कठिन छ।

**आइरन डोम र एरो**

'आइरन डोम' र 'एरो' इजरेली प्रतिरक्षा



प्रणालीका मेरुदण्ड हुन्।

मिसाइल इन्जिनियर युजि रुबिन ' इजरेल मिसाइल डिफेन्स अर्गनाइजेशन'का संस्थापक हुन्। अहिले उनी 'जेरुसलेम इन्स्टिट्यूट फर स्ट्रटीजिक एन्ड सिक्युअरटी'मा वरिष्ठ अनुसन्धानकर्ता छन्।'आइरन' डोम तथा विदेशी साझेदारहरूको सहयोगमा इरानले प्रहार गरेका क्षेप्यास्त्रहरू नष्ट पारिएको देख्दा आफूलाई निकै सुरक्षित अनुभूति भएको उनले बीबीसीलाई बताए।"मलाई निकै सन्तोष र खुसी लाग्यो... लक्ष्यविरुद्ध यो निकै विशिष्ट छ। यो छोटो दूरीको क्षेप्यास्त्र प्रतिरक्षा हो। अरू प्रणालीमा योजस्तो केही कुरा हुँदैन।"

**इरान र इजरेल कति टाढा छन्?**

इजरेल इरानभन्दा २,१०० किमि टाढा छ ।

'डिफेन्स आई' का सम्पादक टिम रेप्लीका अनुसार इजरेलले इरानमा आक्रमण गर्ने मुख्य तरिका भनेको क्षेप्यास्त्र प्रहार गरेरै हो। इरानको क्षेप्यास्त्र कार्यक्रमलाई पूरा मध्यपूर्वमा सबैभन्दा ठूलो र विविधतायुक्त मानिन्छ।सन् २०२२ मा यूएस सेन्ट्रल कम्यान्डका जेनरल केनथ मक्कन्जीले इरानसँग "३,००० वटाभन्दा बढी बलिस्टिक क्षेप्यास्त्र" भएको बताएका थिए। इजरेलले विभिन्न देशबाट क्षेप्यास्त्र आयात गर्ने गरेको 'सीएसआईएस मिसाइल डिफेन्स प्रोजेक्ट' ले औँल्याएको छ।

**इरानी क्षेप्यास्त्र र ड्रोन**

इरानले सन् १९८० देखि १९८८ सम्म इराकसँग लडाइँ गर्‍यो। त्यस बेलादेखि नै उसले आफ्ना क्षेप्यास्त्र प्रणाली र ड्रोनमा सुधार गर्न निकै मेहनत गरेको छ।इरानले छोटो र लामो दूरीमा प्रहार गर्ने मिल्ने क्षेप्यास्त्र र ड्रोन बनाएको छ। तीमध्ये केही भर्खरै इजरेलमा आक्रमण गर्न प्रयोग भए।हूथी विद्रोहीहरूले साउदी अरबतिर प्रहार गरेका क्षेप्यास्त्रहरूको निर्माण इरानमा भएको निष्कर्ष विज्ञहरूले गरेका छन्।

'सजाय' दिन लामो दूरीको हमला

'डिफेन्स आई'का टिम रिप्ली इजरेलले इरानसँग स्थलयुद्ध गर्ने सम्भावना निकै कम देख्छन्। "इजरेलको ठूलो सामर्थ्य भनेको उसको हवाई शक्ति र नियन्त्रित अस्त्रहरू हुन्। त्यसैले उसले इरानका मुख्य निसानामा हवाई हमला गर्ने सम्भावना रहन्छ," उनी भन्छन्।

रेप्लीका अनुसार इजरेलले हवाई हमला गरेर इरानी अधिकारीहरूको हत्या र तेल केन्द्रहरूलाई ध्वस्त पार्न सक्छ। "यसको मुख्य ध्येय 'सजाय' दिनु हो...। इजरेली सैन्य र राजनीतिक नेताहरूले प्रायः यो शब्द प्रयोग गर्छन्। त्यो उनीहरूको दर्शनको एउटा अङ्ग हो। इजरेलमा हमला गर्नुअघि शत्रुलाई दुई पटक सोच्न बाध्य पार्ने गरी त्यस्तो धारणा व्यक्त भइरहेको हुन्छ।" विगतमा हवाई हमला गरेर उच्च पदस्थ इरानी सैनिक र नागरिकहरूको ज्यान लिइएको छ।एप्रिल १ मा सिरियाको राजधानी दमास्कसस्थित इरानी कूटनीतिक नियोगमा भएको हमला त्यस्तोमध्येको एक हो। त्यही घटनापछि इजरेलमा तेहरानले आक्रमण गरेको हो।

इजरेलले सिरियाको घटना वा इरानी अधिकारीहरूलाई निसानामा पारिएका कैयौँ घटनाको जिम्मेवारी लिएको छैन। तर उसले त्यसलाई अस्वीकार समेत गर्ने गरेको छैन। इरानको पुरानो हुँदै गएको जलसेनासँग २२० वटा पानीजहाज छन्।त्यसको तुलनामा इजरेलसँग ६० वटा मात्र रहेको आईआईएसएसको विवरणमा देखिन्छ। साइबर हमलामा इरानले भन्दा इजरेलले गुमाउन सक्ने कुरा धेरै छ।इरानको प्रतिरक्षा प्रणाली प्राविधिक रूपमा इजरेलको भन्दा कमजोर छ। त्यसैले इजरेली सेनामाथि हुने विद्युतीय हमलाले धेरै नै हानि पुर्‍याउन सक्छ।

इजरेल सरकारको न्याशनल साइबर निर्देशनालयले भनेको छः "साइबर हमलाको शक्ति यसअघिको भन्दा निकै उच्च छ, कम्तीमा तीन गुणा उच्च। अनि त्यस्तो हमला इजरेलको हरेक क्षेत्रमा भइरहेको छ। युद्धका बेला इरान र हिज्बुल्लाह (लेबननी सैन्य तथा राजनीतिक सङ्गठन) बीचको सहकार्य ब।" उक्त निकायका अनुसार हमासको नेतृत्वमा अक्टोबर ७ मा हमला भएयता सन् २०२३ को अन्त्यसम्ममा ३,३८० वटा साइबर हमला भएका छन्।

इरानको सिभिल डिफेन्स अर्गनाइजेशनका प्रमुख ब्रिगेडिअर जेनरल गोलम्रेजा जलालीले हालैको संसदीय निर्वाचनअघिको महिनामा इरानले झन्डै २०० वटा साइबर हमलालाई विफल पारिदिएको थियो।डिसेम्बरमा इरानका तेलमन्त्री जावद औजीले एउटा साइबर हमलाले देशभरिका तेल केन्द्रहरूमा अवरोध पुर्‍याएको जनाएका थिए।

**परमाणुअस्त्र प्रयोग हुने डर**

इजरेलसँग परमाणुअस्त्र भएको ठानिन्छ। तर उसले त्यसबारे सुनियोजित रूपमा अस्पष्टता राखेको छ। इरानसँग परमाणुअस्त्र भएको ठानिँदैन। आफूमाथि आरोप लागेको भए पनि तेहरानले आफ्नो नागरिक परमाणु कार्यक्रमलाई परमाणुअस्त्रसम्पन्न राष्ट्र बन्न प्रयोग नगरेको दाबी गर्दै आएको छ।

**भूगोल र जनसख्या**

इरान इजरेलभन्दा निकै ठूलो देश हो। इरानको जनस‌ङ्ख्या झन्डै आठ करोड ९० लाख छ भने इजरेलको एक करोडजति छ।इरानसँग इजरेलमा सेवामा भएका सैनिकको स‌ङ्ख्याभन्दा झन्डै छगुना बढी सैनिक छन्। आईआईएसएसका अनुसार इरानसँग छ लाख र इजरेलसँग एक लाख ७० हजार सैनिक छन्।

**इरानले कसरी प्रतिकार गर्ला**

तेल अभिभ यूनिभर्सिटीसँग आबद्ध मध्यपूर्व अनुसन्धानकर्ता गर्ने डा एरिक रोन्ड्स्कीले इरानले हमला गर्दा उच्च स्तरको सतर्कता जारी गरेर इजरेलले विफलताको जिम्मेवारी लिएको छ।छिमेकी देशहरूमा रहेका इरानसमर्थित लडाकुहरूले नियमित रूपमा इजरेली स्वामित्वमा रहेका स्थानमा हमला गर्दै आएका छन्। अनि उनीहरूमाथि इजरेलले जबाफी हमला पनि गर्दै आएको छ।

'जेन्स' स्थित मध्यपूर्वसम्बन्धी प्रतिरक्षाविज्ञ जेरेमी बिनीले इजरेलले तत्कालै जबाफ दिने सम्भावना नरहेको बताउँछन्।"बदला नै लिन चाहे भने पनि उनीहरूसँग कैयौँ विकल्प छन्। जस्तो, लेबनन र सिरियाका ठाउँहरूमा बमबारी गर्ने।" बिनी परम्परागत शैलीको पूर्ण आकारको युद्ध हुने सम्भावना देख्दैनन्।"सेना लड्न जाँदैन, जलसेना लड्न जाँदैन। उनीहरू (इरान र इजरेल) एकअर्काभन्दा निकै टाढा छन्।"

"हामी दुवै पक्षसँग भएको लामो दूरीमा प्रहार गर्ने क्षमता र अर्को पक्षको हवाई प्रतिरक्षा क्षमता भएको अवस्था नियाल्दै छौँ। हामीले गत शनिवार र आइतवार इरानको लामो दूरीको प्रहारविरुद्ध इजरेलको प्रतिरक्षा देख्यौँ।"इजरेलले इरानमाथि आक्रमण गर्दा सिरिया, जोर्डन र इराकजस्ता अन्य सार्वभौम देशहरूको हवाई क्षेत्र उल्लङ्घन समेत गर्नुपर्ने औँल्याए।यद्यपि इजरेलले इरानभित्रबाटै गोप्य रूपमा कार्य गर्न सक्ने सेवा विकास गरेको छ।

**'इरान कार्ड'**

मध्यपूर्व मामिलाका विज्ञ तारिख सुलेमनले बीबीसी उर्दूसँग कुरा गर्दै लडाइँ चर्किने सम्भावना नरहेको बताए।तर इजरेलको संसद् र मन्त्रिपरिषद्मा युद्ध चाहने सदस्यहरू रहेको उनी औँल्याउँछन्। त्यसो हुँदा इजरेली प्रधानमन्त्रीलाई इरानमाथि कारबाही गर्न दबाव परेको छ।

"आफूलाई राजनीतिक रूपमा कमजोर महसुस गर्दा नेतन्याहू 'इरान कार्ड' प्रयोग गर्छन्।" इजरेलको हीब्रू यूनिभर्सिटीले गरेको एक सर्वेक्षणमा झन्डै तीनचौथाइ इजरेली जनताले आफ्नो देशको सुरक्षा गठबन्धन र साझेदारीमा असर गर्ने भए इरानमा जबाफी कारबाही गर्न नहुने बताएका छन्।उक्त विश्वविद्यालयको विज्ञप्तिका अनुसार उक्त सर्वेक्षण इन्टरनेट र टेलिफोनका माध्यमबाट १४ र १५ एप्रिलमा गरिएको थियो। त्यसमा यहुदी र अरब इजरेली समुदायका कुल १,४६६ महिला र पुरुष सहभागी थिए।

**इजरेल र इरानबीच चलेको छद्मयुद्ध के हो**

अहिलेसम्म इजरेल र इरानले औपचारिक रूपमा युद्ध भएको छैन। तर उनीहरू अनौपचारिक द्वन्द्वमा संलग्न छन्।इरानसहित अन्य देशमा महत्त्वपूर्ण इरानी व्यक्तिहरूको मृत्यु हुने गरी आक्रमण हुँदा त्यस्ता घटना इजरेलले गराएको ठानिन्छ। इरानले भने इजरेललाई 'प्रोक्सी' अर्थात् अरू कुनै पक्षमार्फत् आक्रमण गर्छ। लेबननस्थित सैन्य तथा राजनीतिक समूह हिज्बुल्लाह इरानको सबैभन्दा ठूलो प्रोक्सी बनेर लड्ने गर्छ। हिज्बुल्लाहलाई साथ दिएको कुरा इरानले अस्वीकार पनि गरेको छैन।इरानले गाजामा हमासलाई त्यसै गरी साथ दिन्छ। दशकौँदेखि इजरेलतर्फ रकेट हमला गरिरहेको हमासले अक्टोबर ७ को भीषण हमला गराएको हो।

इजरेल र पश्चिमा शक्तिहरूका विश्वासमा इरानले हमासलाई अस्त्र, गोलाबारुद र प्रशिक्षण प्रदान गरेको थियो। अर्को इरानी प्रोक्सी यमनका हूथी लडाकुहरू हुन् ।

# चौथो रानीवन गोल्ड कपको उपाधि सिम ब्वाइजलाई



सिमकोट । चौथो रानीवन गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि सिम ब्वाइज क्लबले हात पारेको छ । यही कात्तिक २ गतेदेखि सिमकोट तल्लो बजारमा सञ्चालन भएको खेलमैदानमा १५ वटा टोलीको सहभागी रहेको थियो । शुक्रबार भएको फाइनल खेलमा सिमकोट तल्लो गाउँ राइजिङ क्लबमाथि जित हासिल गर्दै सिम ब्वाइजले प्रतियोगिताको विजेता बनेको हो ।

प्रतियोगितामा सिम ब्याइज क्लब निर्धारित समयमा बराबरी गोल भएपछि खेल 'ट्राइबेकर' गएको थियो । दुईका विरुद्ध तीन गोल गरेर सिम ब्वाइज विजेता भएको हो । विजेता र उपविजेता टोलीलाई क्रमशः रु ५० हजार र ३० हजार नगद पुरस्कार प्रदान गरिएको हो ।

त्यसैगरी, विजेता सिम ब्वाइजलाई ट्रफी पनि प्रदान गरिएको थियो ।

विजेता र उपविजेता सबै खेलाडीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा सर्वाधिक गोल गर्ने खेलाडी सिम ब्वाइजका जीवन रावतलाई 'बुट' प्रदान गरिएको थियो भने सिमकोट विमानस्थलका प्रमुख महेन्द्र सिंहका तर्फबाट खेल अवधिभर गरेका आठवटा गोलको प्रतिगोल रु पाँच सयका दरले चार हजार नगद पनि प्रदान गरिएको थियो ।

उत्कृष्ट खेलाडी सिम ब्वाइजकै विशाल सिंह पनि पुरस्कृत भएका छन् ।

उत्कृष्ट गोल किपरमा सिम ब्वाइजकै छिरिङ लामा रहेका रहेका थिए । यो पुरस्कार सिमकोट गाउँपालिका उपाध्यक्ष सुशीला रोकाया, जिल्ला खेलकुद समितिका अध्यक्ष विनोद बोहरा, पत्रकार महासङ्घका अध्यक्ष राजन रावतले वितरण गर्नुभएको थियो ।रासस

# इजरायलद्वारा इरानमा क्षेप्यास्त्र आक्रमण

एएफपी

जेरुसेलम । इजरायलले इरानका विभिन्न सैन्य आधारमा शनिबार हवाई आक्रमण गरेको बताएको छ ।

इजरायली सेनाले आफ्नो आक्रमणले इरानको मिसाइल उत्पादन केन्द्रलगायत विभिन्न क्षेत्रमा क्षेप्यास्त्र आक्रमण गरेको जनाएको छ ।त्यसैगरी, इरानले राजधानी तेहरान र देशका अन्य सैन्य आधारमा भागमा इजरायली आक्रमण भएको पुष्टि गरेको छ ।

इजरायलले अक्टोबर १ मा इरानमाथि गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ दिने वाचा गरेको थियो, जुन इस्लामिक गणतन्त्रले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि गरेको दोस्रो प्रत्यक्ष आक्रमण हो ।

"इजरायली सुरक्षा बल (आईएएफ)को विमानले इरानले इजरायली राज्यमा प्रहार गरेको क्षेप्यास्त्र उत्पादन गर्न प्रयोग गरिने क्षेप्यास्त्र उत्पादन केन्द्रहरुमा प्रहार गरेको छ", इजरायली सेनाले एक विज्ञप्तिमा भन्यो।

"त्यसैगरी, आईडीएफले अतिरिक्त इरानी हवाई क्षमताहरू प्रहार गरेको छ", सेनाले भन्यो, "यससँगै हाम्रो मिसन पूरा भएको छ ।" सन् २०२३



को अक्टोबर ७ मा आफ्नो इतिहासको सबैभन्दा घातक आक्रमणपछि, इजरायलले गाजामा हमाससँग लडिरहेको छ, र गत महिनाको अन्त्यदेखि, यो लेबनानमा हिजबुल्लाहसँग युद्धमा रहेको छ ।

इजरायली सेनाले एक विज्ञप्तीमार्फत इरानबाट भइरहेको महिनौंको निरन्तर आक्रमणको प्रतिकार स्वरुप इरानी सैन्य लक्ष्यहरूमा सटीक आक्रमण गरिरहेको बताएको छ । आक्रमणपछि इरानले शनिबार सबै उडानहरू स्थगित गरेको उड्डयन प्राधिकरणले घोषणा गरेको छ । दमास्कसस्थित इरानको कन्सुलर एनेक्समा भएको घातक आक्रमणको बदलामा इरानले अप्रिलमा इजरायली क्षेत्रमा पहिलो पटक प्रत्यक्ष आक्रमण सुरु गरेको थियो ।

# युक्रेनमा पुनः रूसी आक्रमण, पाँच जनाको मृत्यु

एएफपी

युक्रेन । युक्रेनमा शनिबार भएको रूसी क्षेप्यास्त्र आक्रमणमा पाँच जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । अधिकारीका अनुसार आक्रमणमा डिनिप्रो सहरमा एक बालकसहित तीन जनाको मृत्यु भएको थियो भने किभ र वरपरको क्षेत्रमा भएको आक्रमणमा एक किशोर र अर्का एक व्यक्तिको मृत्यु भएको थियो ।

डिनिप्रो सहरमा भएको आक्रमणमा परी १९ जना घाइते भएको तथा उक्त स्थानका भवनहरू क्षतिग्रस्त भएको मध्य डिनिप्रोपेट्रोभस्क क्षेत्रका गभर्नर सेर्गी लिसाकले बताउनु भएको छ । लिसाकले सामाजिक सञ्जालमा सेयर गरेका तस्बिरहरूमा उद्धारकर्ताहरू भग्नाबशेषमा उद्धारको काम गरिरहेको र अस्पतालको कोठाको झ्याल उडेको देखाइएको छ । उहाँका अनुसार आठ जना घाइतेहरुलाई उपचारका लागि अस्पतालमा भर्ना गरिएको छ ।

रूसले निरन्तर रुपमा किभसहित युक्रेनी सहरहरूमा घातक ड्रोन तथा क्षेप्यास्त्र आक्रमण गरिरहेको छ । मस्कोले ऊर्जा पूर्वाधार केन्द्रित आक्रमण बढाउदा किभले आफ्ना सहयोगीहरूबाट अझ बढी हवाई सुरक्षाको माग्दै आएको छ ।

# रोक्का गरिएको रुसी सम्पत्तिबाट युक्रेनलाई ५० अर्ब डलर ऋण दिने जी७ को अन्तिम निर्णय

एएफपी

वासिङ्टन ।संसारका सबैभन्दा धनी राष्ट्रको समूह जी७ का नेताहरूले रोक्का राखिएको रूसी सम्पत्तिबाट भएको नाफाबाट सहयोग गर्न धेरै च्यानलमार्फत ऋण वितरण गरिनेछ", जी७ नेताहरूले बताएका छन् ।

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कले आयोजना



कियभलाई सहयोगस्वरुप ५० अर्ब डलर दिने अन्तिम निर्णय गरेको एक विज्ञप्तीमार्फत शुक्रबार घोषणा गरेका छन् ।

सात धनी प्रजातान्त्रिक समूहका नेताहरूले यस वर्षको अन्त्यसम्ममा ऋण वितरण सुरु गर्ने लक्ष्यका साथ लगभग ५० अर्ब डलर ऋण कसरी वितरण गर्ने भन्ने कुरामा सहमति भएको बताएका छन् । "युक्रेनको बजेट, सैन्य र पुनर्निर्माणलाई गरेको बैठकका लागि यस हप्ता वासिङ्टनमा विश्व वित्तीय नेताहरू भेला भएपछि उनीहरूको यो घोषणा आएको हो । र

"युक्रेनलाई आवश्यक पर्ने समर्थन दिने हाम्रो संकल्पबाट हामी पछि हट्ने छैनौँ", समूहले प्रतिबद्धता जनाएको छ । उनीहरूले मस्कोलाई आफ्नो युद्ध अन्त्य गर्न र युक्रेनलाई भएको क्षतिको मूल्य चुकाउन पनि आह्वान गरेका छन् ।

# सुडानमा मानवीय सङ्कट निरन्तर बढ्दै गएको राष्ट्रसंघीय एजेन्सीको चेतावनी



क्यूएनए

न्यूयोर्क । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले लाखौं मानिसहरूलाई तत्काल सहायता चाहिएको उल्लेख गर्दै सुडानमा मानवीय सङ्कट निरन्तर बढ्दै गएको चेतावनी दिएका छन् ।

दुई एजेन्सीहरूले संयुक्त विज्ञप्ति मार्फत यस वर्ष पाँच वर्ष मुनिका ३७ लाख बालबालिका कुपोषणको जोखिममा रहेको जनाउदै उनस्हरुले पर्याप्त सहयोग सहायता प्राप्त नगरेमा रोगहरूबाट मर्ने सम्भावना ११ गुणाले बढ्ने चेतावनी दिएका छन् ।

उनीहरूले सबै प्रभावित समुदायहरूमा दिगो उपस्थिति राख्न अनुमतिसहित सहायता र प्राविधिक सहयोग प्रदान गर्ने जिम्मेवार राष्ट्रसङ्घीय एजेन्सीको महत्वलाई जोड दिएका छन् ।

विशाल चुनौतिहरूको बावजुद, युएनएचसीआर र युनिसेफले सुडानका प्रभावितलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतालाई नवीकरण गरी आपतकालीन आश्रय र पानी , शिक्षा, स्वास्थ्य सेवा र मनोसामाजिक समर्थनलगायतका आधारभूत सेवाहरू प्रदान गरिरहेका छन् ।

सन् २०२३ अप्रिल १५ मा सुरु भएको सुडानको द्वन्द्वले आन्तरिक वा वाह्य रुपमा एक करोड दश लाख भन्दा बढी मानिसहरूलाई विस्थापित गरेको छ भने लाखौंलाई भोकमरीको सँघारमा धकेलेको जसमा अधिकाश महिला तथा बालबालिका रहेका छन् ।

# भारतीय प्रधानमन्त्री र जर्मन चान्सलरद्वारा युक्रेन द्वन्द्वबारे गहिरो चिन्ता व्यक्त

एएनआई

नयाँदिल्ली । प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर ओलाफ सोल्सले युक्रेनमा बढ्दो द्वन्द्व र यसको दुखद मानवीय परिणामहरूमाथि गहिरो चिन्ता व्यक्त गर्दै अन्तर्राष्ट्रिय कानून अनुरूप न्यायपूर्ण र स्थायी शान्तीको आवश्यकतामा जोड दिनुभएको छ ।

युक्रेन द्वन्द्वमा आमनागरिकको ज्यान गएकोमा चिन्ता व्यक्त गर्दै दुबै नेताले गाजामा रहेका अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त अनुरूप व्यापक, न्यायपूर्ण र स्थायी शान्तिको आवश्यकतालाई दोहोऱ्याउनुभयो । विशेष गरी विकासशील र अल्पविकसित देशमा विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षाको सन्दर्भमा युक्रेन युद्धले निम्त्याएको नकारात्मक प्रभावबारे पनि दुई नेताहरूले उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री मोदी र चान्सलर सोल्सले विज्ञप्तीमार्फत मध्यपूर्वमा शान्ति र स्थिरता हासिल गर्ने आफ्नो साझा चासो



सबै बन्धकहरूलाई तत्काल रिहा गर्न पनि आह्वान गर्नुभएको छ । शुक्रबार आयोजित सातौं भारत-जर्मनी अन्तरसरकारी परामर्शपछि यो संयुक्त वक्तव्य जारी गरिएको हो ।

संयुक्त वक्तव्यमा, प्रधानमन्त्री मोदी र ओलाफ सोल्सले सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानसहित संयुक्त राष्ट्र बडापत्रका उद्देश्य र सिद्धान्त, व्यक्त गर्दै गत वर्ष अक्टोबर ७ मा इजरायलमा हमासको आक्रमणको निन्दा गर्नुभएको छ । दुई नेताले लेबनानमा द्रुत रूपमा बिग्रँदै गएको अवस्था बारे गहिरो चिन्ता व्यक्त गर्नुभयो । उहाँहरुले विश्वभर देखिएको बढ्दो द्वन्द्वको समयमा सबै पक्षलाई अन्तर्राष्ट्रिय कानूनको पालना गर्न आग्रह गर्नुभएको छ ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २४ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८४ पैसा कायम भएको छ।

युरोपियन यूरो एकको खरिददर एक सय ४५ रुपैयाँ २८ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ९३ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ २४ पैसा र बिक्रीदर एक सय ७५ रुपैयाँ ०२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ४६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ९९ पैसा र बिक्रीदर ८९ रुपैयाँ ३९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ९२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ३५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ६५ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ११ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर आठ रुपैयाँ ८४ पैसा र बिक्रीदर आठ रुपैयाँ ८८ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १८ रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा र कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ९३ पैसा र बिक्रीदर ३१ रुपैयाँ ०७ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६६ पैसा र बिक्रीदर नौ रुपैयाँ ७० पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ६९ पैसा र बिक्रीदर १२ रुपैयाँ ७५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १९ रुपैयाँ ५६ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २८ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ २५ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ २१ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ ०५ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६४ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले जुनसुकै समयमा पनि उल्लेखित दर संशोधन गर्न सक्ने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# शे–फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा भेटियो दुर्लभ जङ्गली याक

काठमाण्डु । शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा दुर्लभ जङ्गली याक फेला परेको छ। सो क्षेत्रमा गरिएको अध्ययनका क्रममा निकुञ्जमा भाले जङ्गली याक भेटिएको हालै खुलासा गरिएको हो।

वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सो जङ्गली याकको 'फोटो फ्रेम' अनावरण गरेको छ । स्थानीय नागरिक वैज्ञानिक सोनाम वाङ्दीले तस्बिर लिनुभएको जङ्गली याक शे-फोक्सुन्डो गाउँपालिका-१ सल्दाङस्थित क्षेत्रमा भेटिएको हो । चार हजार ६ सय २३ मिटरदेखि चार हजार नौ सय ३५ मिटर उचाइ रहेको सो स्थानमा उक्त जङ्गली याक गत जुलाई २३ देखि २६ सम्म देखिएको विभागको तथ्याङ्क छ।

यो अध्ययन स्थानीय समुदायको पूर्व जानकारीपश्चात् निकुञ्ज विभागको अगुवाइमा शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज र विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहकार्यमा सम्पन्न भएको थियो । विगतमा तथ्याङ्क अभाव तथा स्थानीय समुदायका अनुसार जङ्गली याक लोप हुने अवस्थामा रहेको मानिएको थियो । जङ्गली याक प्रायः समुद्री सतहबाट चार हजार आठ सय २५ मिटरको उचाइमा पाइन्छ।

यस अध्ययनका क्रममा स्थानीयका साथै युवा वैज्ञानिकहरू सोनाम वाङ्दी र उर्गेन गुरुङको महत्त्वपूर्ण योगदान रहेको डब्लुडब्लुएफ नेपालका पर्वतीय कार्यक्रम व्यवस्थापक सेरेन श्रेष्ठले जानकारी दिनुभयो।



उहाँका अनुसार यो जङ्गली याक देखिएको क्षेत्रबाट पश्चिमतिर चीनको सीमा नजिक पनि अर्को जङ्गली याक देखिएको स्थानीयले जानकारी दिएका छन् । उहाँले भन्नुभयो, "तर यही हो वा अर्को जङ्गली याक हो विस्तृत अध्ययन विना भन्न सकिने अवस्था छैन । चीन, भारत र नेपालका हिमाली क्षेत्रमा पाइने जङ्गली याकको नेपालमा खासै तथ्याङ्क छैन ।" नेपालमा पहिलोपटक अनुसन्धानकर्ताहरूले हुम्लामा सन् २०१४ मा जङ्गली याक देखेका र पहिलो आधिकारिक तस्बिर पनि सोही समयमा सार्वजनिक गरिएको थियो।

नेपालमा वन चौंरी पनि भनेर चिनिने जङ्गली याक विश्वव्यापी रूपमा चीन, भारत र नेपालको मूल रैथाने प्रजाति हो । जङ्गली याक खासगरी अल्पाइन टुन्ड्रा क्षेत्रको घाँसेमैदान र चिसो मरुभूमि क्षेत्रहरूमा पाइन्छ। जाडोमा तल्लो उपत्यकाहरूमा झर्दै, मौसमी रूपमा सर्ने गर्छ। यद्यपि, यस प्रजातिको हालको वितरण दायरा राम्रोसँग थाहा छैन। जङ्गली याक प्रायः उत्तरी सिमाना छिमेकी चीनको तिब्बतसँग जोडिएका हिमाली क्षेत्रमा बढी रहने गरेको अनुमान गरिन्छ।

नेपालमा यस प्रजातिको जनसंख्याको आकारका बारेमा कुनै जानकारी उपलब्ध छैन। हुम्ला जिल्लाको लिमी उपत्यकामा सन् २०१४ मा पुनः पत्ता नलागेसम्म जङ्गली याक लोप भइसकेको मानिन्थ्यो । विश्वव्यापी रूपमा जङ्गली याकलाई आइयुसिएनले 'रेड लिस्ट'ले जोखिममा राखेको छ । नेपालमा राष्ट्रिय रूपमा यसलाई तथ्याङ्क अभावका रूपमा वर्गीकृत गरिएको छ । नेपालमा यस प्रजातिको कानुनी स्थिति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनद्वारा संरक्षित (परिशिष्ट १) छ।

त्यसैगरी, साइटिसले परिशिष्ट १ प्रजातिमा जङ्गली याकलाई सूचीकृत गरेको निकुञ्ज विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार जङ्गली याक गाई प्रजातिको जन्तु हो। तराई क्षेत्रमा गौरी गाई पाइएजस्तै उपल्लो हिमाली क्षेत्रमा चौंरी र जङ्गली याक पाइन्छ । "जङ्गली याक दुर्लभ छ। कठिन भौगोलिक क्षेत्र र हिमाली क्षेत्रमा पाइने भएकाले यसको अध्ययन र अनुसन्धान पर्याप्त हुन सकेको छैन," वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो, "अहिले बिस्तारै हवाई यातायात, सडकको पँहुच, प्रविधिको विकासले गर्दा हिमाली वन्यजन्तुसँगै जङ्गली याकको पनि अध्ययन सुरु हुन थालेको छ ।" हिउँ चितुवाको र यसको बासस्थान प्रायः एकै क्षेत्रमा हुन्छ। जङ्गली याकको बासस्थान र चरन क्षेत्र हिउँचितुवाको तुलनामा भने सीमित हुन्छ।

घरपालुवा चौंरीभन्दा यो शारीरिक बनावटले फरक हुन्छ । "घरपालुवा चौंरीको तुलनामा यसको आकार ठूलो हुन्छ, सिङ र रौं फरक हुन्छ । विभागले सार्वजनिक गरेको उक्त तस्बिरसँगै जङ्गली याकको अध्ययन गर्न अनुसन्धानकर्ताको चासो बढ्छ । त्यसमा हामी प्रोत्साहन गर्छौं", उहाँले भन्नुभयो। रासस

# पूर्वीनाकाबाट पर्यटक आगमन बढ्यो

झापा। पूर्वीनाका काँकडभिट्टाबाट पर्यटकको आगमन बढेको छ। विगत दुई महिनामा यहाँबाट आठ सय ९० जना तेस्रो मुलुकका नागरिक नेपाल प्रवेश गरेको अध्यागमन कार्यालय काँकडभिट्टाले जनाएको छ।

कोरोना महामारीपछि चार वर्षसम्म अवरुद्ध रहेको पर्यटक आवागमन दुई महिनाअघि मात्र खुल्ला भएको थियो। सन् २०२४ को सेप्टेम्बर महिनामा यस नाका भएर दुई सय ८७ जना तेस्रो मुलुकका नागरिक नेपाल प्रवेश गरेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताउनुभयो।

अक्टुबर महिनामा तेस्रो मुलुकका नागरिकको आगमन बढेर ६ सय तीन पुगेको उहाँले जानकारी दिनुभयो। आगामी दिनमा आगमन अझ बढ्ने सम्भावना छ। भारत सरकारले कोरोना महामारी सुरु भएदेखि काँकडभिट्टासँग जोडिएको भारतीय नाका पानीटङ्कीबाट तेस्रो मुलुकका नागरिकलाई आउजाउ गर्न निषेध गर्दै आएको थियो। नेपालको निरन्तर दबाबपछि यही अगस्तदेखि तेस्रो मुलुकका नागरिकको आवतजावतका लागि भारतले नाका खुला गरेको हो।

भारतको पानीटङ्की नाका हुँदै काँकडभिट्टाबाट नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका नागरिकमा भूटानीको संख्या अधिक रहेको छ। विगतमा बङ्गलादेशी नागरिकको लर्को लाग्ने गरेकामा हाल बङ्गलादेशी नागरिकको आगमन नगण्य छ। अध्यागमन अधिकृत भट्टराईका अनुसार सेप्टेम्बर महिनामा नेपाल प्रवेश गरेका दुई सय ८७ जना तेस्रो मुलुकका नागरिकमा भूटानीको संख्या एक सय ६८ र अमेरिकी ५४ र अस्ट्रेलियन चारजना रहेका छन्।

यसैगरी, अक्टुबरमा तेस्रो मुलुकबाट नेपाल आएकाको कुल सङ्ख्या ६ सय तीन रहेकामा भूटानी तीन सय ४६, अमेरिकी एक सय ३० र अस्ट्रेलियन २३ जना रहेको भट्टराईले बताउनुभयो। "काँकडभिट्टा नाका भएर आउने तेस्रो मुलुकका नागरिकमध्ये आधाजसो भूटानी नागरिक छन्," अध्यागमन अधिकृत भट्टराईले भन्नुभयो, "धेरैजसो भूटानी नागरिक धार्मिक तीर्थाटन र थोरैजसो भेटघाटका लागि आउनु हुँदोरहेछ।"

घुमफिरका लागि आउने भूटानी नागरिकहरुले लुम्बिनी, फर्पिङ र हलेसी जाने बताउने गरेका छन्। भूटानीसहित सार्क मुलुकका नागरिकका लागि काँकडभिट्टा नाकामै 'अनअराइभल भिसा' जारी हुने व्यवस्था छभने एक वर्षमा एक खेपमा ३० दिन अवधिसम्मको भिसा निःशुल्क हुने गरेको छ। "सार्क मुलुकका नागरिकका लागि एक भिसा वर्षमा ३० दिनसम्म निःशुल्क भिसा प्रदान गरिने व्यवस्था छ," भट्टराईले भन्नुभयो, "यो निःशुल्क सुविधाको भूटानी नागरिकले लाभ लिएको देखिन्छ। तीस दिनभन्दा बढी अवधिका लागि भिसा दिनु परेमा प्रत्येक दिनको तीन अमेरिकी डलरका दरले भिसा शुल्क लिने गरिएको छ।" गैरआवासीय नेपाली नागरिक र शरणार्थीका रुपमा तेस्रो मुलुकमा पुनर्स्थापना भएका भूटानी नागरिकले नेपाल आउनका लागि काँकडभिट्टा नाका प्रयोग गर्न रुचाउने गरेको पाइन्छ ।रासस


Madhesh Province Government

Ministry of Education and Culture

Janakpurdham, Dhanusha

**Invitation for Bids for the The Procurement of Supply & Delivery Of Four Wheeler Vehicle**

**Contract Identification No: MOEC/GOODS/NCB/2081-082/01**

Date of publication: 27-10-2024

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for The Procurement of Supply & Delivery Of Four Wheeler Vehicle (IFB No: MOEC/GOODS/NCB/2081-082/01). Bidding is open to all eligible Nepalese Bidders.
2. The Ministry of Education and culture invites electronic bids from eligible bidders for the procurement of The Procurement of Supply & Delivery Of Four Wheeler Vehicle under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

   **Name of the Bank:** Rastriya Banijya Bank Ltd. , Janakpurdham Dhanusha.
   **Name of the Office:** Ministry of Education and culture
   **Office Code no:** 3500017012
   **Office Account no:** 1000100200010000
   **Rajaswa (revenue) Shirshak no:** 14229
   **Bid Document Fee:-** NRs.3000/-
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 26-11-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-11-2024 14:00 hours at the office of Ministry of Education and culture Janakpurdham, Dhanusha, Nepal Janakpur, Dhanusa Madhesh Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 225000 NRs which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८१ साल कार्तिक महिना ११ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय पिडारी चोकबाट तपशिलमा उल्लेखित ऋणीले चालु पुँजी अधिबिकर्ष कर्जा तथा डिमाण्ड लोन कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **जय मातादी ट्रेडर्स** प्रोप्राइटरको नाम : नरेन्द्र ठाकुर दर्ता नं. : ३०३१/४/०७२/०७३
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी दर्ता मिति : २०७२/०४/१०
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ५ स्थायी लेखा नं. : ६०३२९७२२३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) विन्देश्वर ठाकुरको नाति पुण्यदेव ठाकुरको छोरा महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. वडा नं. २ हाल, धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ बस्ने **नरेन्द्र ठाकुर** (ना.प्र.नं. : ०७२३२३१५ जारी मिति र जिल्ला : २०४९/१०/०८, महोत्तरी)

२) हरिहर पाण्डेको छोरी पुण्यदेव ठाकुरको बुहारी नरेन्द्र ठाकुरको पत्नी महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. वडा नं. २ हाल, धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ बस्ने **मिरा कुमारी** (ना.प्र.नं. : १९०/०५७/०५८ जारी मिति र जिल्ला : २०५७/०७/२७, महोत्तरी)

३) पुण्यदेव ठाकुरको नातिनी नरेन्द्र ठाकुरको छोरी महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. वडा नं. २ हाल, धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ बस्ने **मोना कुमारी ठाकुर** (ना.प्र.नं. : १८-०१-७०-०४३६९ जारी मिति र जिल्ला : २०७०/०४/०७, महोत्तरी)

४) पुण्यदेव ठाकुरको नाति नरेन्द्र ठाकुरको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. ७ हाल, धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ बस्ने **शिवेश कुमार ठाकुर** (ना.प्र.नं. : १८-०१-७६-०९२९८ जारी मिति र जिल्ला : २०७६/०३/२०, महोत्तरी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८०/०८/२२ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

२) मिति २०८०/०५/१८ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| नरेन्द्र ठाकुर | धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ | १४३५०१ | ३७० | २५३.९८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०८/०१ गते शनिबार भित्र यस बैकको शाखा कार्यालय पिडारी चोक आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०८/०२ गते आइतबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय पिडारी चोकमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्न रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# बार एशोसिएशन जनकपुरमा लोकतान्त्रिक समूह विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल बार एशोसिएशनजनकपुरमाअध्यक्षसहित लोकतान्त्रिक समूहका सबै उम्मेदवारहरु निर्वाचित भएका छन् ।

अध्यक्षमा विमलकुमार मिश्र निर्वाचित भएका छन् भने उनमा प्रतिद्वन्दी रेखाकुमारी झाले ३४ मत ल्याएकी छन् ।

नवनिर्वाचित अध्यक्ष मिश्रले ८७ मत प्राप्त गरेका छन् । त्यस्तै उपाध्यक्षमा लोचन साह १०० मतले निर्वाचित भएका छन् भने उनका प्रतिद्वन्दी चतुर्भुज झाले ४३ मत प्राप्त गरेका छन् । त्यसैगरी सचिवमा अब्दुल अजिज आलमले १०० मत प्राप्त गरी निर्वाचित भएका छन् भने केशव कुमार यादवले ४१ मत मात्रै ल्याउन सके ।

सहसचिवमा अञ्जु मण्डल निर्विरोध निर्वाचित भएकी छन् भने कोषाध्यक्षमा हेमन्त कुमार कर्ण ७१ मतले निर्वाचित भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी वासुदेव प्रसाद साहले ६६ मत प्राप्त गरेका छन् ।

त्यसैगरी सदस्यहरुमा राकेश कुमार साह (ए), मदन साह, मदन प्रसाद पाण्डेय, संजिव झा, गंगा प्रसाद साह, सर्वोदय ठाकुर, हिमांशु शर्मा निर्वाचित भएका छन् भने महिला सदस्यमा उमाकुमारी यादव निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

# समस्याग्रस्त कृषि विश्वविद्यालयको प्रदेश सरकारद्वारा अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीको राजविराजमा स्थापना भएको मधेश कृषि विश्वविद्यालय मधेश प्रदेश सरकार परिवर्तन भएसँगै राजनीतिक चपेटमा परेको छ ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र डा. सीके राउत नेतृत्वको जनमत पार्टीबीचको द्वन्द्वको चपेटमा परी विश्वविद्यालयमा समस्या उत्पन्न भएको छ ।

जनमत पार्टी नेतृत्वको प्रदेश सरकार गठन भए पछि पहिलो पटक औचापरिक रुपमा कोपभाजनमा परेको छ । सरकारले विश्वविद्यालयलाई वार्षिक रुपमा गरिने विनियोजनमा समेत कटौती गरी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसंग बदला लिनकै लागि सो विश्वविद्यालयमा द्वैषपूर्ण बजेट विनियोजन गरिए पछि विभिन्न समस्याहरु उत्पन्न भएको छ । जसले गर्दा सो विश्वविद्यालय आर्थिक तथा प्रशासनिक, अध्ययन, अध्यापनलगायतका विभिन्न समस्याहरुबाट आक्रान्त बन्न पुगेको छ ।

सो विश्वविद्यालयमा विद्यमान जटिलता समस्यालाई मध्यनजर गर्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीको अगुवाईमा निमित्त प्रदेश सचिव दिलीप कुमार ठाकुरले विदाको दिन शनिबार पनि स्थलगत भ्रमण तथा छलफल गरेका छन् । सो क्रममा विश्वविद्यालयको विश्वविद्यालयका उपकुलपति डा. बैद्यनाथ महतो र रजिष्ट्रार डा. श्रीभगवान ठाकुरले मन्त्री तिवारीसहितको टोलीलाई उपलब्धि, समस्या, चुनौतीलगायतकाबारेमा जानकारी गराएका थिए ।



विश्वविद्यालय अन्तर्गत सञ्चालित कृषि महाविद्यालयको शैक्षिक अवस्था, कक्षा कोठा, परीक्षा नियन्त्रण कार्यालय, प्रयोगशाला, पुस्तकालय, अनुसन्धान फारम तथा राजबिराज नगरपालिका वडा नम्बर १३ स्थित कृषिनगरमा निर्माणाधीन विश्वविद्यालयको सो टोलीले स्थलगत निरीक्षण गरेका थिए ।

जनमत पार्टी नेतृत्वमा रहेको मधेस प्रदेश सरकारले सो विश्वविद्यालयको बजेटमा व्यापक कटौती गरेको छ । मधेश सरकारले सो विश्वविद्यालय सञ्चालनका लागि १० लाख रुपैयाँ बजेट दिएको छ । जुन कर्मचारीको तलबका लागि पनि अपुग भएको बताइन्छ ।

यसअघिको सरकारले पहिलो वर्ष ३१ करोड रुपैयाँ र अर्को वर्ष ३० करोड रुपैयाँ बजेट दिनुको साथै मधेश प्रदेशको गौरवको योजनामा राखेर बहुवर्षीय योजना अन्तर्गत डेढ अर्ब बजेट सुनिश्चित गरेको थियो । तर चालु आर्थिक वर्षमा १० लाख रुपैयाँमात्र बजेट दिएपछि विश्वविद्यालय सञ्चालनमै समस्या देखिएको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव संघीय सरकारको स्वास्थ्यमन्त्री भएको बेला २०७८ मङ्सिरमा सो विश्वविद्यालय स्थापना गरिएको थियो । सो बेला मधेश प्रदेशमा जसपा नेपालकै सरकार रहेको थियो ।

जसपा नेपालका अध्यक्ष यादव २०७९ को चुनावमा सप्तरीबाटै पराजित भए भने जनमत पार्टीका अध्यक्ष राउत निर्वाचित भए ।

गत जेठ २५ गते जनमत पार्टीबाट सतिश सिंह मुख्यमन्त्री बनेपछि एक प्रकारले विश्वविद्यालयलाई टार्गेट गरी ठप्प पारे । उनी मुख्यमन्त्री बनेपछि शिलान्यास घटनाको विवादबारे छानबिन गर्न मधेश प्रदेशका नीति आयोगका उपाध्यक्ष डा. सोहन साहको अध्यक्षतामा छानबिन समिति पनि गठन गरे । सो समिति गठन गरेपछि उनले पत्र पठाएर विश्वविद्यालयका सबै कामकाजमा नै रोक लगाए ।

जसले गर्दा सो विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी तथा विद्यार्थी भर्नादेखि लिएर अन्य परीक्षा तथा कर्मचारी भर्नालगायत अन्य सबै कामहरु प्रभावित भएको थियो ।

नीति आयोगका उपाध्यक्ष साहले मधेश सरकारलाई प्रतिवेदन बुझाएको लामो समयपछि पहिलो पटक मन्त्रीस्तरीय टोलीले अनुगमन तथा अवलोकन गरेका छन् ।

# हतियारसहित दुईजना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा हतियारसहित दुईजना पक्राउ परेका छन् ।

जिल्लाको गुजरा नगरपालिका-३ बाट सशस्त्र प्रहरीले शुक्रबार साँझ हतियारसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गुजराको धनसार सिमरी गेट नजिकैबाट प्रहरी टोलीले ज ४ प ९०५८ नम्बरको प्लाटिना मोटरसाइकल जाँच गर्ने क्रममा हतियार तथा गोलीगठ्ठासहित दुई जनालाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक बिक्रम हुमागाईंले बताए । पक्राउ पर्नेमा कटहरिया-३ का २६ वर्षीय कमोद राम चमार र ४४ वर्षीय नेमलाल साह बनियाँ रहेको एसपी हुमागाईले बताए ।

सुरक्षाकर्मीले उनीहरुको साथबाट कटुवा पेस्तोलसहित ३ राउण्ड गोली, मोबाइल फोन र मोटरसाइकल बरामद गरेको जनाइएको छ । पक्राउ परेकाहरुबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

# शिक्षक सरुवाको आक्रोशमा नगरपालिका र मेयरको घर तोडफोड

**टुडे समाचारदाता**

रौतहट । रौतहटस्थित जयकिसान माध्यमिक विद्यालय धरहरीका प्रधानाध्यापक सञ्जय प्रसाद साहको सरुवाको विषयलाई लिएर नगरपालिका र मेयरको घर तोडफोड भएको छ ।

सो विद्यालयका विद्यार्थी उचालेर देवाही गोनाही नगरपालिकाको कार्यालय र मेयर प्रेमलाल साहको घरमा तोडफोड घटनामा संलग्न १० जना माथि मुद्दा दायर गरिएको छ । सो घटनाका मुख्य योजनाकार पनि पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय गरुडा तथा जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाको लामो समयको अनुसन्धान पछि तोडफोड गर्ने र गराउने आरोपमा १० जना माथि मुद्दा दायर गरेको छ । सो घटनाको मुख्य योजनाकार भनिएका आमजनता पार्टीका नेता राजेश कुमार साह पक्राउ परेका छन् । उनलाई विशेष सूचनाको आधारमा गए राती घरमै छापा मारेर प्रहरीले पक्राउ गरेको छ ।

रौतहट प्रहरीका प्रहरी उपरीक्षक दिलीप घिमिरेले पक्राउ परेका साहविरुद्ध




सम्पूर्ण प्रमाणहरू रहेको बताए ।

शिक्षा समितिको बैठक चलिरहँदा विद्यार्थीहरूको आक्रमणपछि बैठक स्थगित गरिएको थियो । भने कसैको सरुवा नभएको सूचना समेत प्रकाशित गरेको जनाइएको छ ।

मेयर प्रेमलाल साहले पूर्वाग्रहबाट प्रेरित भएर वडा अध्यक्ष वीरबहादुर साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छविलाल भन्ने श्यामनन्दन साह, आजपा नेता राजेश कुमार साह लगायत मानिसहरूले व्यक्तिगत स्वार्थका लागि विद्यार्थीहरूलाई उचालेर घटनालाई भड्काएको दाबी गरे ।

सो प्रदर्शनपछि विद्यार्थीहरू मेयर साहको घरमा पनि पुगेर ढुंगामुढा गरेका थिए । उक्त घटनामा करिब ७३ लाख रुपैयाँभन्दा बढीको क्षति भएको मेयर साहले बताए ।

# राहत वितरणमा धाँधली भएको भन्दै छानबिनको माग

**टुडे समाचारदाता**

राजरिवाज । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ स्थित कोइलाडीमा राहत वितरणको क्रममा वडाअध्यक्षले एक लाभग्राहीलाई हातपात गरेको आरोप लागेको छ ।

सो क्रममा वडाअध्यक्ष मुनिलाल मुखियाले डोमी सुतिहारलाई हातपात गर्दै राहत वितरणमा धाँधली गरेको भन्दै स्थानीयले छानबिन गरी दोषी माथि कारबाहीको माग गरेका छन् ।

शनिवार घटनास्थलमै पीडितपक्षले पत्रकार सम्मेलनको आयोजन गरी हातपात गरी राहत वितरणमा धाँधली गर्नेलाई कारबाहीको माग गरेका छन् ।

स्थानीयले अघिल्लो दिन बिहीवार वडा- ४ कार्यालयद्वारा विपद् प्रभावित महिला तथा किशोरीहरुका लागि आयोजित किड्स वितरण कार्यक्रममा वडाअध्यक्ष मुनिलाल मुखियाले सोही वडाका डोमी सुतिहारलाई हातपात गरेको गुनासो गर्दै उनीमाथि कारबाहीको माग गरेका छन् ।

उनीहरुले किट्स वितरणमा मात्र नभइ बाढी प्रभावित परिवारका लागि नगद १५ हजार रुपैयाँ राहत वितरण कार्यमा समेत धाँधली भएको भन्दै सोको



छानबिन हुनु पर्ने माँग गरेका छन् ।

सो पत्रकार सम्मेलनमा स्थानीय डोमी सुतिहारले बाढी प्रभावित परिवारका लागि वडा कार्यालयले चलाएको किड्स वितरण कार्य मनपरी ढंगले भइ रहेको देखे पछि विरोध गर्दा एक्कासी वडा अध्यक्ष मुखियाले आफुमाथि मुक्का प्रहार गरेको गुनासो पोखे । स्थानीय समाजसेवी सुरजित सिंह गुड्डुले १५ हजार रुपैयाँ र किट्स वितरण दुवै राहत कार्यमा वडाअध्यक्षले आफ्नो आसेपासे, कार्यकर्ता र आफन्तलाई प्राथमिकतामा राखेको बताए । उनले पाउनु पर्ने वास्तविक पीडितलाई छुट्याएर मनपरी ढंगले गरिएको राहत वितरण प्रक्रियाको उच्चस्तरीय छानबिन हुनुपर्ने माग गरेका छन् ।

स्थानीय प्रमोद शर्माले वडामा बाडिएको राहत वास्तविक भन्दा गैर बाढी पीडितले बढी पाएको भन्दै सोको छानबिन हुनु पर्ने माग गरे । उनले छुटेका वास्तविक घर परिवारको पहिचान गरी पुनः राहत वितरण प्रक्रिया सुरु गर्नु पर्ने बताए । उनले वास्तविक प्रभावितले राहत पाउनु पर्ने माग गर्दा स्थानीय डोमी सुतिहारलाई कुटपिट गर्ने वडाअध्यक्षलाई कारबाही हुनु पर्ने माग समेत गरे ।

सो गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले कुटपिट तथा राहत वितरण विवादको विषयवारे जानकारी प्राप्त भएको तथा समस्या समाधानका लागि आफुले पहल थालेको बताए ।

# महोतरीलाई महिला क्रिकेटको उपाधि



**टुडे समाचारदाता**

राजविराज । राजविराजमा संचालित अन्तर हब टि-ट्वान्टी महिला क्रिकेट प्रतियोगिताको उपाधि महोतरीले हात पारेको छ ।

सप्तरी क्रिकेट संघको समन्वयमा सबल नेपाल द्वारा संचालित तथा एमसीसी फाउण्डेशन र सिडब्लुबीको सहयोगमा आयोजित प्रतियोगिताको शनिबार सम्पन्न फाइनल खेलमा सप्तरीलाई १४ रनले पराजित गर्दै महोत्तरीले उपाधि हात पारेको छ ।

टस जितेर महोतरीले निर्धारित २० ओभरमा १ विकेटको क्षतिमा १ सय ४१ रनको योगफल खडा गरेको थियो । जसमा शिवानी साहले सर्वाधिक ६८ रनको योगदान दिए । यसैगरी रोजी कडारीले ३९ रनको योगदान गरे । बलिंगतर्फ सप्तरीका बन्दना रजकले १ विकेट लिएका थिए ।

१ सय ४२ रनको विजयी लक्ष्य लिएर जवाफी व्याटिंगमा ओर्लेको सप्तरी २० ओभरमा ६ विकेट गुमाएर १ सय २७ रन मात्र जोडन सफल भए । जसमा सुमिन्त्रा यादबले ३७, दिपा राम २० र निसु चौधरीले १८ रनको योगदान दिए ।

बलिंग तर्फ महोतरीका गोमा मगर र रोजी कडारी समान २/२ तथा सिवानी साहले १ बिकेट हात पारेका थिए ।

फाइनल खेलको म्यान अफ द म्याच सिवानी साह घोषित भए ।

सो प्रतियोगितामा प्लेयर अफ दि सिरिज साक्षी यादव, बेस्ट बलर बन्दना रजक बेस्ट ब्याटर सिवानी साह घोषित भए ।

सो प्रतियोगिता समापन पछि आयोजित पुरस्कार वितरण समारोहमा मधेश प्रदेशका पूर्व मन्त्री महेश प्रसाद यादव, सबल नेपालका अध्यक्ष जुना गिरी, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिँह, सचिव चन्दन कुमार यादव सदस्यद्वय संजय कार्की, डम्बर नाारायण दास, प्रतियोगिता संयोजक आशिष गुप्ता लगायतले विजेता, उपविजेता टिमलाई पुरस्कार वितरण गरेका थिए ।

# हत्या आरोपी पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वामा एक भारतीय युवकको विभत्स ढंगले हत्या गरी फरार रहेका युवक डेढ वर्षपछि पक्राउ परेका छन् । भारतीय नागरिक २६ वर्षीय शेखर सुमन भनिने सिकु कुमारलाई धारिलो हतियारले घाँटी रेटेर हत्या गरेको अवस्थामा २०८० वैशाख २६ गते हरिपूर्वा नगरपालिका-१ स्थित अनरजित महराको खेतमा शव फेला परेको थियो ।

सो घटनामा संलग्न भारतको बिहार राज्य सितामढी जिल्ला सोनवर्षा थाना पुरनदाहा ग्रामपञ्चायत राजवाडाका २७ वर्षीय धर्मेन्द्र रायलाई प्रहरीले डेढ वर्षपछि पक्राउ गर्न सफल भएको छ ।

उनलाई मलंगवा नगरपालिका-८ स्थित नेपाल-भारत सीमानजिक गोरखकालीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सर्लाही प्रहरीले सिकुकुमारको हत्यामा छ जना संलग्न रहेको खुलेको जनाएको छ ।

जसमध्ये यसअघि एक जना पक्राउ परेका थिए । चार जना अझै फरार नै रहेको र उनीहरूको खोजी भइरहेको सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले जानकारी दिए ।

प्रहरी उपरीक्षक सिंहले पक्राउ परेका धर्मेन्द्रले नै सिकु कुमारलाई मोटरसाइकलमा हालेर सीमावर्ती क्षेत्रनजिक पर्ने हरिपूर्वा ल्याएर छ जना मिलेर हत्या गरेका थिए । धर्मेन्द्रलाई सर्लाही जिल्ला अदालतबाट पाँच दिन म्याद लिएर घटनाको थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# नालामा शव भेटियो

**टुडे समाचारदाता**

लहान । सिरहामा एक युवकको नालामा शव भेटिएको छ ।

जिल्लाको मिर्चैया नगरपालिका-६ स्थित पूर्वपश्चिम राजमार्गकै नालामा युवकको शव भेटिएको छ ।

सिरहा प्रहरीका अनुसार मृतक कल्याणपुर नगरपालिका-१ स्थित अर्नमाका २८ वर्षीय नितेश कामती छन् । आवश्यक प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहा पठाएको सिरहा प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले पोस्टमार्टम रिपोर्टपछि मात्रै घटनाबारे विस्तृत कुरा खुल्ने बताए ।

**वायु प्रदुषणका असरहरू**

**वायु प्रदुषणले**

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

**त्यसैले:**

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकबाट कालोपत्रे गरौं,
- वृक्षरोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

**वायु प्रदुषणको असरबाट बचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८